# अध्यारोबाट उज्यालोतर्फ:

## अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो अधिकार र पहिचानका लागि गरेका सङ्घर्ष र सफलताका कथाहरू

## सफलताका कथाहरू

नेपाली भाषामा संकलित संग्रह

**प्रकाशित:** राष्ट्रिय अपाङ्ग महासंघ - नेपाल (सिबिएम ग्लोबलको सहकार्यमा)
**डिजाइन र लेआउट:** जेनेसिस प्रोडक्सन प्रा. लि.
**संस्करण:** पहिलो
**प्रकाशन मिति:** अप्रिल २०२५
**प्रतिलिपि संख्या:** १००० प्रतिहरू

*अस्वीकरण: केही तस्वीरहरू प्रासंगिकता सिर्जना गर्न एआईद्वारा उत्पन्न गरिएका हुन् ।*

*सबै अधिकार सुरक्षित © राष्ट्रिय अपाङ्ग महासंघ - नेपाल (NFDN), २०२५ ।*

# कृतज्ञता

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल (NFDN) ले सन् २०१९ देखि सन् २०२४ सम्म "हामीलाई पनि समावेश गर" (Include Us) परियोजना सिबियम ग्लोबलसँगको साझेदारीमा सातै प्रदेशमा कार्यान्वयन गरेको थियो । यस परियोजनाले पहुँचयुक्तता, अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहुँच, समावेशी नीति र पैरवी, अपाङ्गता सम्बन्धी तथ्यांक, र अपाङ्गता भएका व्यक्तिहरूद्वारा सञ्चालित संस्था (OPDs) को क्षमता अभिवृद्धि र सशक्तीकरणको क्षेत्रमा महत्वपूर्ण काम गरेको थियो ।

पाँच वर्षसम्म सञ्चालित यस परियोजनाका विभिन्न क्रियाकलापले अपाङ्गता भएका व्यक्तिहरूको क्षेत्रमा केही सकारात्मक परिवर्तन ल्याउन सफल भएको महसुस गरेका छौँ। त्यसका लागि राष्ट्रिय अपाङ्ग महासंघ नेपाल सिबियम ग्लोबलप्रति आभार व्यक्त गर्न चाहन्छ । हामीले यस परियोजना सञ्चालनका दौरान हासिल गरेका महत्वपूर्ण उपलब्धिहरूलाई सङ्कलन गरी सबैमा पुर्याउने उद्देश्यले हाम्रो सानो प्रयासमार्फत आएका सकारात्मक परिवर्तनका कथाहरू तपाईंहरू माझ ल्याएका छौँ । यी सङ्कलित सफलताका कथाहरूले परियोजनाको उपलब्धि उजागर गर्ने मात्र नभई, यस क्षेत्रमा दीर्घकालीन रूपमा काम गर्दा सन्दर्भ सामग्रीका रूपमा उपयोग गर्न सकिने विश्वास गरेका छौँ।

यस सङ्ग्रहमा परियोजनासँग आबद्ध भएपछि व्यक्तिहरूमा आएको परिवर्तन, वकालत र पैरवीले पहुँचयुक्तताको क्षेत्रमा भएका संरचनागत सुधार, न्याय प्रणालीमा आएको सुधार, अन्यायमा परेका व्यक्तिहरूले न्याय पाएको कथा, न्यून प्रतिनिधित्व भएका व्यक्तिहरूको जीवनमा आएको परिवर्तन, र यस परियोजनाले OPD को सशक्तीकरणका लागि प्रदान गरेको सहयोगले कसरी प्रभाव पारेको छ भन्ने कुरा समेटिएको छ । यस सङ्ग्रहमा विभिन्न क्षेत्रका १५ प्रेरणादायी कथाहरू समेटिएका छन्, जुन नेपाली र अंग्रेजी भाषामा उपलब्ध छन् । यस सङ्ग्रह तयार गर्न महत्त्वपूर्ण भूमिका निभाउने परियोजनाका संयोजक, ज्ञान व्यवस्थापक अधिकृतहरू, तथा सातवटै प्रदेशका जनवकालत अधिकृतहरू प्रति आभार व्यक्त गर्न चाहन्छौँ । विशेष गरी, यो सङ्ग्रहलाई नेपालीमा तयार गर्नु हुने कुशल न्यौपाने प्रति आभार व्यक्त गर्न चाहन्छौँ । नेपालीमा तयार भएको यो सङ्ग्रहलाई अंग्रेजीमा अनुवाद गर्नुहुने जलसआ सापकोटालाई धेरै धन्यवाद । यस सङ्ग्रहको सुरुवातदेखि यसलाई अन्तिम रूप दिनसम्म निरन्तर साथ र सहयोग गर्नु भएकोमा सिबियम नेपालका अपाङ्गता समावेशीकरण सल्लाहकार श्री बिमल पौडेल र सिबियम कन्ट्री टिमका सबै प्रतिनिधिहरू धन्यवादका पात्र हुनुहुन्छ । यस नेपाली सङ्ग्रहको भाषा सम्पादन तथा आवश्यक सुधारमा धात्री प्रसाद सुवेदीको सहयोगलाई पनि स्मरण गर्न चाहन्छौँ । यस परियोजनाले सुरु गरेका असल अभ्यासहरूलाई अनुसरण गर्दै हामी आगामी दिनमा अझ सशक्त ढङ्गले आफ्ना काम प्रवर्द्धन गर्ने र समावेशी समाज निर्माणका लागि पैरवी गर्ने प्रतिबद्धता व्यक्त गर्दछौँ।

**देवी दत्त आचार्य**
**अध्यक्ष, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल (NFDN)**
**भृकुटीमण्डप, काठमाडौं**

# विषय सूची


कृतज्ञता

१. परिवर्तनको सुरुवात १

२. सामुदायिक प्रहरी सेवा केन्द्रको कार्यसमितिमा अपाङ्गताको प्रतिनिधित्व ! ३

३. राष्ट्रिय अपाङ्ग महासङ्घको वकालत र पैरवीले यूएनडीपी सुदूरपश्चिम कार्यालयको पहुँचयुक्ततामा आएको सुधार ५

४. उदाहरणीय बन्न सफल कला ! ७

५. दुई वर्षको संघर्षपछि दिनेशले जिते एकैपटक तीनवटा मुद्दा ९

६. निर्मलाको संघर्षको कथा १२

७. अनुदानबाट भएको सकारात्मक परिवर्तन १६

८. २७ वर्षको उमेरमा बल्ल मायाको हात पर्‍यो परिचयपत्र १८

९. शुरुवात म आफैँबाट गर्छु ! २०

१०. किन पाउँदैनन् मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूले परिचय पत्र ?: ऐनलाई दोष देखाएर कति समय पञ्छन सक्छ स्थानीय सरकार ! २३

११. आफ्नै घरमा सुरक्षित छैनन् बौद्धिक अपाङ्गता किशोरी: दुई वर्षमा पनि भएन सुरक्षित दीर्घकालीन पुनर्स्थापनाको प्रत्याभूति ! २६

१२. राष्ट्रिय अपाङ्ग महासंघ नेपाल सुदूरपश्चिम प्रदेशले बारम्बार गरेको वकालत तथा पैरवीका कारण सामाजिक विकास मन्त्रालयमा अपाङ्गमैत्री र्‍याम्प निर्माण २८

१३. मनमायाको कथा ३२

१४. पहुँचयुक्तताको नमुना अभ्यास सहरी विकास मन्त्रालय ! ३४

१५. जनवकालत र पैरवीबाट सार्वजनिक संरचनामा आएको सुधार ३६

# परिवर्तनको सुरुवात

अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९ मा नेपाल सरकार स्थानीय निकाय अन्य सम्बन्धित निकाय वा संस्थाले नयाँ बन्ने सम्पूर्ण सार्वजनिक संरचना सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि पहुचयुक्त बनाउनु पर्ने उल्लेख छ।



भौतिक संरचनाका साथै सबैले प्रयोग गर्ने सरकारी वेबसाइट पनि पहुँचयुक्त हुनु आवश्यक छ। तर, हालसम्म पनि सरकारी तथा अन्य निकायका वेबसाइट सबैको पहुँचमा छैनन्। विशेषगरी दृष्टिसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूका लागि सजिलैसँग वेबसाइटमा रहेका सूचनाहरू अध्ययन गर्ने सहज वातावरण नरहेको देखिन्छ। बौद्धिक तथा सिकाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिका लागि चित्रसहितका ठूला अक्षरमा लेखिनु पर्नेमा कहीँ कतै त्यस्तो सुरुवातसम्म भएको पाइँदैन।

बागमती प्रदेशमा ११ (हाल १६) वटा मन्त्रालय, १३ वटा जिल्ला र ११९ वटा स्थानीय निकाय छन्। प्रदेशका सबै मन्त्रालयका वेबसाइट हालसम्म पनि सबैका लागि पहुँचमा नभएको र पहुँचयुक्त बनाउन कतैबाट पनि पहल नगरिएको अवस्था थियो।

राष्ट्रिय अपाङ्ग महासंघ नेपालले बागमती प्रदेशमा संचालित "हामीलाई पनि समावेस गर" परियोजनामार्फत सन् २०२२ मा पहुँचयुक्तता परीक्षणसम्बन्धी तालिम संचालन गर्‍यो। तालिममा लक्षित २ वटा नगरपालिका, प्रदेश मन्त्रालय र निजी इन्जिनिरिङ्ग संस्थाबाट गरी आर्किटेक्ट इन्जिनियर, सूचना अधिकृत, मिडियाकर्मी र ओपीडीज प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

भौतिक संरचना र सूचनाहरूलाई कसरी सबैका लागि पहुँचयुक्त बनाउन सकिन्छ भन्ने ३ दिने तालिमले सहभागीहरूको ध्यान केन्द्रित गर्न सफल भयो। तालिमले अब बन्ने संरचना र जारी हुने सूचनाहरू पूर्णरूपमा सबैका लागि पहुँचयुक्त हुनुपर्छ भन्ने आभास दिलायो। त्यस तालिममा आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट एक जना सूचना अधिकृत समावेश रहेका थिए।

तालिमपछि महासंघ प्रदेश कार्यालयले आर्थिक वर्ष २०७९\०८० का लागि आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा पहुँचयुक्त सूचना प्रणालीको आवश्यकता र औचित्यसहित सबै मन्त्रालयका वेबसाइट परीक्षण गरी अद्यावधिक गर्न मापदण्डसहितको प्रस्तावना पेस गरेको थियो। यस विषयमा समय समयमा ध्यानाकर्षणपत्र पनि पेश गर्नुका साथै महासंघले पटक पटक फलोअप बैठक बसी पहुँचयुक्त वेबसाइट बनाउन पैरवीसमेत गरेको थियो।

महासंघको निरन्तर फलोअप तथा समय समयमा गरिएको ध्यानाकर्षणपछि बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयले आर्थिक वर्ष २०८९\०८० का लागि वेबसाइट परीक्षण र अध्यावधिक शीर्षकमा १० लाख रुपियाँ बजेट विनियोजन गर्‍यो।



बजेट कार्यान्वयनका लागि मन्त्रालयद्वारा गरिएको पहिलो पटकको बैठकमा महासंघसँग आवश्यक सुझाव संकलन गरेको, प्रभावकारी कार्यान्वयन र सहकार्य/समन्वय गरेर काम गर्ने विषयमा छलफल भयो। पछिल्लो पटकको बैठकमा मन्त्रालयले वेबसाइट परीक्षण र अध्यावधिक शीर्षकमा रहेको बजेट कार्यान्वयनका लागि TOR निर्माण गरी त्यसमा महासंघको राय, सल्लाह र सुझावका साथै महासंघको भूमिका विषयमा छलफल भयो। TOR माथिको छलफलमा महासंघका प्रतिनिधि, कर्मचारी, कार्यदल सदस्य तथा वेबसाइटको दृष्टिविहीन प्रयोगकर्तासमेतको उपस्थिति रहयो।

महासंघले प्रदान गरेको तालिम र त्यसपछिका निरन्तर फलोअपले गर्दा बागमती प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयको वेबसाइटको पहुँचयुक्तता परीक्षण दृष्टिबिहीन प्रयोगकर्ताबाट गरिएको र अद्यावधिकसमेत गरिसकिएको छ। अध्यावधिक गरिएपछि पनि प्रयोगकर्ताले प्रयोग गरेपछिको प्रतिक्रिया दिए।

महासंघले त्यसपछिका वर्षहरूमा प्रदेशका सबै मन्त्रालय र स्थानीय तहका वेबसाइट सबैका लागि पहुँचयुक्त बनाउन वकालतसमेत गरिरहेको छ। त्यसका लागि आवश्यक प्राविधिक सहयोग गर्न महासंघ तयार रहेको जानकारीसमेत दिनेगरेको छ।

यो एउटा सुरुवाती चरणमात्र हो। यस कार्यक्रमको प्रभाव तथा महासंघको निरन्तर फलोअप रहेको खण्डमा आगामी दिनमा मन्त्रालयसँगै अन्य सरकारी संस्था र स्थानीय तहका वेबसाइटहरू पनि पूर्णरूपमा सबैका लागि पहुँचयुक्त हुनसक्ने आशा गर्न सकिन्छ।

# सामुदायिक प्रहरी सेवा केन्द्रको कार्यसमितिमा अपाङ्गताको प्रतिनिधित्व !



दाङ जिल्लाको लमही नगरपालिका वडा नं ५ को देउखुरी सामुदायिक प्रहरी सेवा केन्द्रको कार्यसमितिका सदस्यसँग कार्यसमितिमा शारिरीक अपाङ्गता भएका महिलालाई मनोनीत हुनुभएको छ। अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरणका विषयमा छलफल भई केन्द्रको कार्यसमितिमा उहाँलाई मनोनयन गर्न सफलता मिलेको हो।

नेपालमा रहेका सामुदायिक प्रहरी सेवा केन्द्रहरूमा प्रहरी, नागरिक समाजका संस्था, महिला अधिकारकर्मी, जातीय समुदायका प्रतिनिधिका साथै राजनीतिक नेताहरूको संलग्नता रहने गरेको छ। यस्ता संयन्त्र अपाङ्गता समावेशी नहुने गरेकाले अपाङ्गता समावेशिताका सवाल उठून् र अपाङ्गताप्रति यो संयन्त्र पनि जवाफदेही बनोस् भन्ने उद्देश्यका साथ यस संयन्त्रमा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्न वकालत गरिएको थियो।लमही वडा नं ९ निवासी गोमा घर्तीमगर शारीरिक अपाङ्गता र जनजाती महिला समूहबाट प्रतिनिधित्व गर्नुहुन्छ। उहाँ लमही नगरपालिका वडा नं ९ को अपाङ्गता सञ्जालको अध्यक्ष पदमा कार्यरत हुनुहुन्छ। साथै, उहाँ देउखुरी रेडियोमा सञ्चारकर्मीको रूपमा कार्यरत पनि हुनुहुन्छ।

राष्ट्रिय अपाङ्ग महासंघ नेपालले सीबीएम ग्लोबलसँगको सहकार्यमा सञ्चालन गरिरहेको "हामीलाई पनि समावेश गर" परियोजनाका क्रियाकलाप अन्तर्गत स्थानीय पहुँच परिक्षण वकालत समूहसँग आबद्ध भई नियमितरूपमा वकालत कार्यमा सहभागी हुनुभएकाले प्रदेश कार्यालयले देउखुरी सामुदायिक प्रहरी सेवा केन्द्रको आजीवन सदस्यता लिई कार्यसमितिमा समावेश गर्न सिफारिस गरेको थियो।

नेपाल सरकार गृह मन्त्रालय अन्तर्गतको देउखुरी सामुदायिक प्रहरी सेवा केन्द्र लमहीको स्थापना २०७९ भदौ २४ गते भएको हो। समाजमा अपराध रोकथाम तथा नियन्त्रण गरी शान्ति सुरक्षा कायम गर्ने, जनतासँगहातेमालो गर्दै सम्भाब्य घटनालाई समयमै नियन्त्रण गर्ने, सभ्य शान्त एवं भयमुक्त समाज निर्माण गर्नमा भूमिका निर्वाह गर्ने, नागरिक र प्रहरीबीच सुमधुर सम्बन्धद्वारा सुसंस्कृत एवं समुन्नत समाज निर्माणमा टेवा पुर्‍याउने जस्ता कार्यहरू यस केन्द्रले गर्दै आएको छ।

हामीलाई पनि समावेश गर परियोजनाका क्रियाकलाप अनुसार देउखुरी सामुदायिक प्रहरी सेवा केन्द्रमा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व गराउन पैरवी गर्ने क्रियाकलाप अन्तर्गत पहिलो पटक पैरवी गर्दा आग्रह गरिएको थियो तर केन्द्रका अध्यक्षले भने तत्काल समितिमा समावेश गराउन नसकिने तर अधिवेशमा भने समावेश गराउन सकिने कुरा गर्नुभएको थियो।

दोस्रो पटकको भेटका क्रममा केन्द्रका अध्यक्षले हाल कार्यसमितिमा महिला सदस्यको पद खाली रहेको र त्यस पदमा अपाङ्गता भएका महिलालाई समावेश गराउन सकिने विषयमा कुरा गर्नुभएको थियो । तर, त्यसका लागि नियम अनुसार आजीवन सदस्यता लिनु पर्ने प्रावधान रहेको र सो सदस्यता लिन केही दस्तुर लाग्ने जानकारी गराउनुभयो ।

सामुदायिक प्रहरी केन्द्रको कार्यसमितिमा पहिलोपटक अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व सुनिश्चित हुनलागेका कारण सबैको सहमति अनुसार त्यस कार्यक्रममा लाग्ने खाजा खर्चबाट केही रकम छुट्याई आजीवन सदस्यता प्रदान गरी कार्यसमिति सदस्यमा शारीरिक अपाङ्गता भएका महिलालाई समावेश गर्न सफलता मिलेको हो ।

सामुदायिक प्रहरी केन्द्रको सदस्यता प्राप्त गरिसकेपछि उहाँले ३ वटा कार्यक्रम (केन्द्रको साधारणसभा, महिलाहरूकोफुटबल खेल र किशोरीहरूको आत्मरक्षा तालिममा सहभागिता जनाउनु भएको छ । त्यसैगरी कार्यसमितिका ६ वटा बैठकमा सहभागी भई अपाङ्गता भएका व्यक्तिहरूका सवालमा आवाज उठाउँदै आइरहनुभएको छ ।

# राष्ट्रिय अपाङ्ग महासङ्घको वकालत र पैरवीले यूएनडीपी सुदूरपश्चिम कार्यालयको पहुँचयुक्ततामा आएको सुधार



नेपालमा समावेशिता र पहुँचयुक्तता प्रवर्द्धनमा गैर सरकारी संस्थाहरूले उल्लेख्य भूमिका निर्वाह गर्दै आइरहेका छन्। त्यसैमध्यको एक हो यूएनडीपी नेपाल। यसले सुदूरपश्चिम प्रदेशमा समेत कार्यालय स्थापना गरेर लामो समयदेखि सुदूरपश्चिम प्रदेशको विकासमा निरन्तर योगदान दिँदै आएको छ।

सामाजिक समावेशिता, पहुँचयुक्ततालगायतका सामाजिक विषयहरूमा निरन्तर काम गर्दै आएको यस संस्थाको आफ्नै कार्यालय भने पहुँचयुक्त बन्न सकेको थिएन। राष्ट्रिय अपाङ्ग महासंघ नेपाल सुदूरपश्चिम प्रदेश कार्यालयको टोली त्यहाँ पुग्दा यस्तो पाइएको हो।

प्रदेशमा सञ्चालित "हामीलाई पनि समावेस गर" परियोजनाको दातृ निकायहरूसँग छलफल गर्ने क्रियाकलाप अन्तर्गत महासंघको प्रदेश कार्यालयको त्यो टोलीले सन् २०२३ अक्टोवरमा कैलालीको धनगढीमा रहेको यूएनडीपीको कार्यालय भ्रमण गरेको थियो। त्यसक्रममा यूएनडीपीको कार्यालय सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त नभएको भन्दै आवश्यक सुधार गर्न सुझाव दिएको थियो।

निजी घर भाडामा लिएर कार्यालय संचालन गरिएको हुँदा कार्यालय पहुँचयुक्त हुन नसकेको जानकारी त्यस कार्यालयका प्रमुख वैजन्ती गिरीलेदिनुभयो। उहाँले कार्यालयको पुनर्निर्माण गरी पहुँचयुक्ततामा सुधार गर्न खोजिएको तर पर्याप्त बजेट नहुँदा समस्या समाधान हुन नसकेको जानकारी दिनुभयो।



कार्यालयको भौतिक संरचना पुनर्निर्माणका लागि यथाशीघ्र बजेट माग गर्ने र कार्यालयको पहुँचयुक्ततामा आवश्यक सुधार गर्ने आश्वासन दिनुभयो। आफ्नो प्रतिबद्धता अनुरूप उहाँले यूएनडीपीको केन्द्रीय कार्यालयसँग आवश्यक बजेट माग गर्नुभयो र सन् २०२४ जनवरीको दोस्रो सातासम्ममा कार्यालयको पहुँचयुक्तता सुधारको कार्य सम्पन्न भयो।

यसरी राष्ट्रिय अपाङ्ग महासंघ नेपाल सुदूरपश्चिम प्रदेश र "हामीलाई पनि समावेश गर" परियोजनाको संयुक्त पहल र पैरवीमा यूएनडीपी सुदूरपश्चिम प्रदेश कार्यालयको पहुँचयुक्ततामा सुधार हुनपुगेको छ । हाल यस कार्यालयमा पहुँचयुक्तताको अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप निर्माण गरिएको र्‍याम्प, ट्वाइलेटलगायत अपाङ्गता भएका व्यक्तिहरूका लागि छुट्टै सवारी साधन पार्किङ्ग स्थल र आकस्मिक सभा क्षेत्रसमेत निर्माण गरिएका छन् ।

**केही प्रतिनिधिमूलक तस्बिर**





# उदाहरणीय बन्न सफल कला !

सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिका बस्ने २१ वर्षे बौद्धिक अपाङ्गता भएकी महिला कला (परिवर्तित नाम) यतिबेला स्ववकालतकर्तासंगै परामर्शकर्ता बन्नुभएको छ । आफ्नो पीडालाई शक्तिमा बदल्दै उहाँ वीरेन्द्रनगरका धेरै अपाङ्गता भएका व्यक्तिहरूका कुरा बुझ्नसक्ने हुनुभएको छ ।




समुदायमा रहेको अपाङ्गता भएका व्यक्तिहरूले केही गर्न सक्दैन भन्ने धारणा चिर्न अपाङ्गताभित्र पनि पछाडि परेको बौद्धिक अपाङ्गता वर्गको प्रतिनिधत्व गर्दै कला यतिबेला अपाङ्गताको क्षेत्रमा उदाहरणीय बन्नुभएको छ । उनै कलासँग हाम्रो भेट जबरजस्ती करणीमा परेपछि आफ्नो न्यायको खोजीमा संघर्ष गर्दैगर्दा भएको हो ।

राष्ट्रिय अपाङ्ग महासंघ नेपालले अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहुँच पुर्‍याउने उद्देश्यसहित “हामीलाई पनि समावेश गर” परियोजना संचालन गरेको छ । परियोजनाका क्रियाकलापहरूमा सहभागी भएका न्यायको क्षेत्रमा क्रियाशील व्यक्तिहरूले कलामा अपाङ्गता भएका कारण यस्तो अवस्थामा महासंघले सहयोग गर्छ भनी पठाएको उहाँकी दिदीले जानकारी दिनुभयो । कलाकी दिदीले घटनाबारे दिनुभएको जानकारी यस्तो छ - २०७९ भदौ ३ अर्थात १९ अगष्ट २०२२ का दिन साँझ ५ बजेतिर कलालाई आफ्नै छिमेकी अन्दाजी २४ वर्षका गोरे (परिवर्तित नाम) ले घरमा कोही नभएको मौकापारी ललाई-फकाई गरेर घरभन्दा बाहिर लगी जबरजस्ती करणी गरेको कुरा परिवारका सदस्यले भोलिपल्ट बिहान ९ बजेमात्र थाहा पाए । थाहा पाएपछि परिवारले तुरुन्त जिल्ला प्रहरी कार्यालय सुर्खेत पुगेर जानकारी गराए । त्यसपछि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेलले निवेदनसहित आवश्यक प्रकियाका लागि सुर्खेत स्थित आवाज संस्थामा पठायो । त्यस संस्थाको सहयोगमा जिल्ला प्रहरी कार्यालय सुर्खेतमा २०७९ भदौ ४ गते उजुरी (केस) दर्ता गरियो । उजुरी दर्ता भएकै दिन जिल्ला प्रहरी कार्यालय सुर्खेतबाट खटिएका प्रहरीले प्रतिवादी अन्दाजी २४ वर्षका गोरेलाई पक्रेर अनुसन्धान सुरु गर्‍यो । कलाकी दिदीले महासंघमा पनि गुहार माग्नुभयो । त्यस अवसरमा उहाँले भन्नुभयो- प्रहरीले पक्रेर अनुसन्धान गरिरहेकै बेला प्रतिवादीका परिवारका सदस्यहरूले हामीलाई मिल्नका लागि दबाब दिन थाले । बौद्धिक अपाङ्ता भएको यसले जे पनि बोल्छे, यसको बोलीको ठेगान हुँदैन भनेर कलामाथि नै दोष लगाए । त्यही भएर आवश्यक सहयोगका लागि अनुरोध गर्न आएका हौँ ।

घटनाका बारेमा सविस्तार थाहा पाएपछि महासंघका जनवकालत अधिकृतले महासंघसहित न्यायका क्षेत्रमा काम गर्ने संस्थाहरूसँग समन्वय गरी घटनाका बारेमा प्रहरी कार्यालयमा थप छलफल गर्नुभयो । महासंघले कलाको न्यायका लागि निरन्तररूपमा सहयोग गर्दै आएको छ । न्यायका लागि संघर्ष गरिरहेकी कलालाई समुदायका मानिसले साथ र सहयोग दिनुपर्नेमा उल्टो झुटो लाञ्छना लगाई मानसिक तनाव दिन

थाले । कलालाई यस्तो अवस्थाबाट बाहिर निकाल्न “हामीलाई पनि समावेश गर” परियोजनाले निरन्तर सहयोग गरिरहेको छ ।

कलाको पीडा कम गर्न तथा अपाङ्गता अभियानका बारेमा थप सिकाउन परियोजनाको स्थानीय वकालत समूहको सदस्यमा मनोनीत गरी उहाँको वैयक्तिक क्षमता विकाससँगै वकालतका काममा सहभागी गराउँदै स्व-वकालतकर्ताको रूपमा तयार गर्न परियोजना सफलता मिलेको छ । कलाको कामप्रतिको लगनशीलता तथा नयाँ विषय सिक्ने हुटहुटी देखेर परियोजनाले महासंघका अन्य क्रियाकलाप तथा महासंघसँग समन्वय र सहकार्यमा हुने विभिन्न संघसंस्थाका कार्यक्रमले संचालन गर्ने गतिविधिमा कलालाई समावेश गर्ने गरियो । कला अहिले आफ्ना सवालहरूबारे बुझ्न र विचार राख्न सक्ने हुनुभएको छ ।

राष्ट्रिय अपाङ्ग महासंघ नेपालको सदस्य संस्था नेत्रहीन युवा संघले सीबीएम ग्लोबलसँगको सहकार्यमा संचालन गरेको Action for Change परियोजनामा यौन तथा प्रजजन स्वास्थ्य दौँतरी शिक्षकको तालिम लिई कलाले सुर्खेत जिल्लामा दौँतरी शिक्षकको रूपमा अपाङ्गता भएका व्यक्तिहरूलाई यौन तथा प्रजजन स्वास्थ्यका बारेमा सिकाउने काम गरिरहनुभएको छ ।

कलाको काम दौँतरी शिक्षकको रूपमा मात्र सिमित छैन, उहाँ स्थानीय वकालत समूह तथा अन्य कार्यक्रममार्फत विभिन्न समुदायका परिवारसँग गई अपाङ्गता भएका व्यक्तिहरूलाई भेट्ने, उनीहरूसँग जन्मदर्ता, अपाङ्गता परिचयपत्र, नागरिकताको प्रमाणपत्रलगायतका अन्य विषयहरूमा जानकारी लिई सम्बन्धित निकायमा जान अनुरोध गर्नुहुन्छ । ती विषयमा प्रदेश जनवकालत अधिकृतलाई जानकारी गराएर परियोजनालाई सहयोग पनि गरिरहनु भएको छ । तपाईंलाई यो काम कस्तो लाग्छ भन्ने प्रश्नमा कला भन्नुहुन्छ- “यतिबेला त म रमाउन थालेकी छु । मेरो अहिलेको सक्रियताले मेरो त्यो अप्रिय विगत बिर्सन मद्दत गरेको छ । महासंघले कुनै कार्यक्रममा बोलाएन भने वा मेरो वकालत समूहका साथी कुनै कार्यक्रममा गएको फेसबुकमार्फत देख्दा म किन छुटे, किन बोलाउनुभएन होला भनेर आमा र दिदीसँग सोध्छु । लामो समयसम्म वकालत समूहका साथी र महासंघ सरहरूसँग भेट गर्न पाइन भने नरमाइलो लाग्छ ।”

महासंघले विभिन्न अवसर दिएको, वकालत तथा पैरवी गर्दा स्थानीय यातायात र खाजा खर्च दिने भएकाले परिवारले पनि सहयोग गरेको उहाँले सुनाउनुभयो । उहाँले भन्नुभयो- मैले दौँतरी शिक्षक भएर परिवारको सहयोग गरेँ । अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्यका बारेमा सर्भे गरेर कमाएको पैसा आमालाई दिँदा मेरो कमाइ देखेर परिवारका सदस्यहरू खुसी हुनुभयो ।

“हामीलाई पनि समावेश गर” परियोजना सकिँदै छ भन्ने सुन्दा कलाले दुःखी हुँदै भन्नुभयो - मैले के गर्ने गर्ने ? कलाको कुरालाई महासंघ कर्णाली कार्यालयले मनन गर्दै अपाङ्गता भएका महिलाहरूको राजनीतिक तथा नागरिक सशक्तीकरण परियोजनाको पैरवी समूहमा जोडिदिएको छ । यस खवरबाट भने कला खुसी हुनुहुन्छ ।

# दुई वर्षको संघर्षपछि दिनेशले जिते एकैपटक तीनवटा मुद्दा



आफू अपाङ्गता भएको व्यक्ति भएकै कारण घरपरिवारबाट विभेदमा पर्दै आएका दिनेश मण्डलले जिल्ला अदालत धनुषाबाट अंशवण्डा, जालसाजी र वकस-पत्र फिर्तासम्बन्धी मुद्दा जीत्नुभएको छ । उहाँले घरपरिवारका सदस्यहरू क्रमश बुवा, दाजु र भतिजीविरूद्धको मुद्दा जीत्नु भएको हो ।

मधेश प्रदेशको धनुषा जिल्ला, औरही गाउँपालिका वडा नं. ६ का ३८ वर्षे मण्डल "ग" वर्गमा पर्ने शारीरिक अपाङ्गता भएका व्यक्ति हुनुहुन्छ । उहाँका बायाँ हात र दायाँ खुट्टामा कार्यगत सीमिततता रहेको छ ।

"हामीलाई पनि समावेश गर" परियोजना अन्तर्गत गरिएका अन्तक्रिया, छलफलका साथै सचेतनाका लागि वितरण गरिएको IEC Material र स्थानीय एफएम रेडियोहरूबाट प्रचार-प्रसार भई समुदाय तहसम्म फैलिएको अपाङ्गतासम्वन्धी सूचना तथा सन्देशहरू दिनेशले पनि थाहा पाउनुभएको रहेछ !

दिनको करिब एघार बजेको समयमा राष्ट्रिय अपाङ्ग महासंघ नेपाल मधेश प्रदेशको कार्यालयमा पुगेर उहाँले परिचयसहित आफ्ना कुरा यसरी राख्नुभयो;

> *"मेरो नाम दिनेकुमार मण्डल हो, म आफैँ अपाङ्गता भएको व्यक्ति हुँ । अपाङ्गताका विषयमा केही पम्प्लेट पढ्न पाएँ, रेडियोमा पनि सुनेँ र केही व्यक्तिले पनि सुनाएको हुँदा म आफैँ अन्यायमा परेको व्यक्ति भएकाले मेरो समस्यामा पनि सहयोग मिल्ने आशा राखेर म यहाँ आएको हुँ ।"*

थकित र हतास मुद्रामा रहनुभएका दिनेशलाई केही समय विश्राम गर्न दिएर आफ्ना कुरा राख्नका प्रेरितगरियो । उहाँले आफूले भोग्नुपरेका पीडा र समस्या क्रमश यसरी व्यक्त गर्नुभयो - "मैले बाल्यकालदेखि नै घरपरिवारबाट हेला, होचो र अपमानका अनगिन्ती ति विभेद सहँदै आउनुपरेको छ । घरपरिवारको विभेद र यातनाहरू सहन नसकेर ७\८ वर्षको उमेर हुँदा घर छाडेर अर्काको घरमा गोठालो बसेँ । गोठालो बसेर नै एसएलसीसम्मको पढाइ पनि पूरा गरेँ । अध्ययनको क्रमसँगै उमेर र आँट-साहस पनि वढ्दै गयो । यसर्थ अध्ययनपछि घर फर्केर छुट्टिएर भैंसीगोठमा बसें । विवाह गरेँ । वस्तुभाउ र खेतिपाति गरेर हाल आफू र आफ्नो परिवारको जीविका चलाउँदै आएको छु ।"

दिनेशकुमारले हालसम्म बुवाबाट अंश नपाएको जानकारी दिँदै पुराना कुरा यसरी सुनाउनुभयो - बुबा र दाजुसँग बेलाबेला मैले पाउने अंशका बारेमा कुरा गर्थें तर उहाँहरूले मेरो कुरालाई कहिल्यै वास्ता गर्नुभएन। मैले पटक-पटक अंशको कुरा गरेपछि दाजुले वुवाको नाममा रहेको संगोलको जग्गावाट भतिजी नीभालाई वकसपत्र गरेर दिइसक्नुभएको रहेछ !"

आफूलाई अंश नदिई छोरीलाई किन वकस-पत्र गरी जग्गा दिएको भनेर दाजुसँग कुरा राख्दा दाजु-भाउजू, भतिजी सबै मिलेर आफूलगायत आफ्ना परिवारमाथि कुटपिट भएको जस्ता शारीरिक र मानसिकरूपमा अन्याय र अत्यचार भोग्दै आएको कुरा उहाँले सुनाउनुभयो। दिनेशकुमारका सुनेपछि संस्थाका तर्फबाट सक्ने र हुनेसम्मको साथ दिने, सहयोग गर्ने जानकारी गराइयो। त्योभन्दा पहिला तपाईंका विषयमा हामी सँस्थागतरूपमा छलफल गरेर तपाईंसँग समन्वय गर्ने भन्ने आश्वासनसहित त्यो दिन उहाँलाई बिदा गरियो।

दिनेशकुमारले भनेका कुराबारे वास्तविकता थाहा पाउन गाउँ-सामाज तथा दिनेशलाई चिन्ने अपाङ्गता क्षेत्रका सामाजिक व्यक्तिहरूसँग केहीलाई भेटेर र केहीलाई फोनबाट पनि सोधखोज गरियो। केही दिनसम्मनिन्तर गरिएको सोधखोजपछि यथार्थमा दिनेशलाई अन्याय नै भएको रहेछ भन्ने बुझियो। साथै, दिनेशको न्यायका लागि गाउँ-समाज र स्थानीय न्यायिक समितबाट समेत पहल गरिएको भए तापनि दाइको हेपाहा प्रवृत्ति र असमझदारीका कारण सामाजिक पहलहरू असफल भएका रहेछन् भन्ने जानकारी भयो।

दिनेशलाई यन्याय नै भइरहेको कुरा यकिन भएपछि यस विषयमा संस्थाका अध्यक्ष र कर्मचारीबीच छलफल भयो। छलफल कानुनी व्यक्तिसँग समन्वय गरी दिनेशलाई समेत उपस्थित गराएर वकिलमार्फत परामर्श लिने निष्कर्षमा टुङ्गियो।

कानुनी सल्लाह, सुझाव र सहयोगका लागि वकिलको पहिचान गरी वकिलसहितको उपस्थितिमा समन्वयात्मक छलफलका लागि समय र स्थान तय गरी छलफल आयोजना गरियो। दिनेशसहितको उपस्थितिमा आयोजना गरिएको छलफलमा वकिलले सुझाव र न्यायका लागि गरिनु पर्ने प्रक्रियाहरूका बारेमाा जानकारी गराउनुभयो। त्यति जानकारी पाएका दिनेशले जीवनभरि अन्याय, अत्यचार र थिचोमिचो सहेर बस्न नसक्ने, जस्तासुकै समस्या र चुनौती सहेर भए पनि मुद्दाकै प्रक्रियामा जाने आत्मा निर्णय लिनुभयो।

न्यायका लागि अदालतको प्रक्रियामा जाने दिनेशको कुरापछि बुवा रामप्रसाद मण्डललाई 'अंश' नदिएको, दाजु रामचन्द्रलाई संगोलको जग्गाबाट छोरी नीभाकुमारी मण्डललाई वकस-पत्र गरेकोमा 'जालसाजी' र भतिजी नीभाविरूद्ध 'वकस-पत्र फिर्ता' सम्बन्धी तीनवटा मुद्दा दर्ता गराउने मौखिक सहमति भयो। सहमतिको करिब १५ दिनपछि उनै वकिलमार्फत २०७९ मङ्सिर ४ गते जिल्ला अदालत धनुषामा मुद्दा दर्ता गरियो।

दिनेशको पक्षबाट दर्ता गरिएका मुद्दामध्ये जालसाजी मुद्दाको विरूद्ध दाजुले प्रतिउत्तर खापे पनि अंशबण्डा र वकस-पत्र फिर्तासम्बन्धी मुद्दाविरूद्ध हदम्यादभित्र प्रतिउत्तर दर्ता भएनन् । यसबीचमा विपक्षीले मुद्दा फिर्ताका लागि दबाबहरू परे तर दिनेशले मुद्दा फिर्ता लिन मान्नुभएन।

विपक्षीले प्रतिउत्तर नखापेपछि मुद्दा एक्लौटी फैसला हुने र दिनेशले जित्ने पक्का जस्तै थियो। मुद्दाको फैसला नहुँदासम्म दिनेशले कानुनी प्रक्रियाहरू पूरा गर्नु पर्ने नै थियो। दिनेशलाई २७ वटा तारिख धाउँदा लागेको श्रम, समय यातायात, चिया-नास्ता, वकिलको पारिश्रमिक, राजश्व भुक्तानीलगायत खर्च धान्नका लगि ऋण खोज्नु पर्ने स्थिति आयो।

गाउँ समाजले परेकाबेला भावनात्मक सदासयता देखाउछन् तर गरिबी, त्यसमाथि अपाङ्गता भएका व्यक्तिलाई ऋण दिनु आर्थिक क्षतिको जोखिमको रूपमा लिन्छन्। दिनेशले पनि ऋण पाउने स्थिति थिएन। मुद्दा लड्ने क्रममा दिनेशलाई आर्थिक समस्या सिर्जना भयो । आर्थिक समस्या समाधानका लागि "हामीलाई पनि समावेश गर" परियोजनाबाट दिनेशलाई अनुदानको रूपमा आर्थिक सहायता उपलब्ध गराइयो।

यसरी दिनेशलाई न्याय दिलाउन तथा अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहुँच अभिवृद्धि गर्नका लागि सुरु चरणबाटै समन्वयका विविध पक्षबाट साथ, सहयोगमा समन्वयकारी भूमिका निर्वाह गरियो। दिनेशमार्फत दर्ता गरिएका मुद्दामा दुई वर्षपछि फैसला आएको छ। जिल्ला अदालतबाट २०८१ असोज ५ गते फैसलाको पूर्णपाठ आउने तय भएको छ। पूर्णपाठ आएपछि जिल्ला अदालत धनुषाबाट सुरक्षाकर्मी र अमिन खटाई कानुन तथा फैसला अनुसार दिनेशले आफ्नो हकदाबी अनुसारको अंशका साथै न्याय पाउने सुनिश्चित भएको छ।

यो 'सफलताको कथा' राष्ट्रिय अपाङ्ग महासंघ नेपाल मधेश प्रदेशमा सञ्चालित "हामीलाई पनि समावेश गर" परियोजना अन्तर्गत अपाङ्गता भएका व्यक्तिको न्यायमा पहुँच वा न्यायका लागि गरिएका पहलमध्ये एउटा घटनालाई मात्र प्रतिनिधि घटनाका रूपमा लिइएको छ।

# निर्मलाको संघर्षको कथा



विगतमा गृहिणीको रूपमा सिमित कैलालीकी निर्मला विष्टले यतिबेला संस्थाको नेतृत्व गर्न गरिरहनु भएको छ । विभिन्न कार्यक्रममा सहभागी हुनथालेपछि आफूमा ज्ञानको स्तरमा निकै बढेको उहाँ बताउनुहुन्छ । कुनैबेला नयाँ मान्छेहरूसँग बोल्नसमेत डराउने निर्मला आज आफ्नो छोरा र अन्य बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको अधिकार स्थापित गर्न स्थानीय सरकार तथा प्रदेश सरकारसँग पैरवी गर्ने कार्यमा निकै अगाडि हुनुहुन्छ । आफ्नो क्षेत्रका महिलाको प्रेरणास्रोत बनेकी निर्मला हाल राष्ट्रिय अपाङ्ग महासंघ नेपाल सुदूरपश्चिम प्रदेशको सहसचिव जस्तो गरिमामय जिम्मेवारीसमेत उत्तिकै उत्कृष्ट ढंगले निर्वाह गरिरहनु भएको छ ।

एक सामान्य गृहिणीबाट महासंघको प्रदेश सहसचिवसम्मको उहाँको यात्रा साँच्चै नै संघर्षमय र प्रेरणादायी छ । उहाँको स्नेह पाएका उहाँका छोरा प्रशान्तको जीवनशैली पनि निकै फेरिएको छ । एक समय थियो जतिबेला प्रशान्तलाई आफ्नो शरीरमा कपडा भए/नभएको समेत थाहा हुँदैन थियो । उहाँको छेउमा कोही गयो कि कोपर्ने र चिथोर्ने गर्नुहुन्थ्यो तर आज उहाँ एक सामान्य मानिससरह जीवनयापन गरिरहनु भएको छ । आधारभूत तहको अध्ययनसमेत पूरा गरेका प्रशान्त सूचना प्रविधिको प्रयोगमा समेत आफ्ना साथीहरूभन्दा अगाडि हुनुहुन्छ । यसरी उहाँलाई सामाजिकीकरण गर्न उहाँकी आमाको योगदान अतुलनीय छ ।

धनगढी उप-महानगरपालिका - ३ निवासी निर्मला विष्टले आजभन्दा करिब १९ वर्ष अघि अर्थात २०६२ सालमा आफ्नो जेठो सुपुत्रको रूपमा प्रशान्तलाई जन्म दिनुभयो । पहिलो सन्तानको रूपमा छोरा भएपछि उहाँलाई परिवारका सबै सदस्यहरूको अत्याधिक माया प्राप्त हुनथाल्यो । त्यसले उहाँलाई हर्षित बनाउनु त स्वाभाविक नै थियो । यसरी उहाँको वैवाहिक एवं पारिवारिक जीवन निकै सुखमय ढंगले अगाडि बढिरहेको थियो ।

समय बित्दै जाँदा उहाँका छोरामा बौद्धिक अपाङ्गता भएको थाहा भएको निर्मला बताउनुहुन्छ । सुरुमा त बौद्धिक अपाङ्गताबारे जानकारी नभएकी निर्मलालाई छोराले गर्ने व्यवहारप्रति आश्चर्य लागेछ । छोरा ठूलै हुँदासम्म पनि शरीरमा कपडा भए/नभएको थाहा नपाउने, मानिसहरूलाई चिथोर्ने जस्ता गतिविधिले प्रशान्तका आमा-बुबा आजित भएका थिए ।

आफ्नो छोराको यस्तो व्यवहारबाट चिन्तित रहेका उहाँहरूले छोराको उपचारका लागि धेरै ठाउँ धाएको जानकारी निर्मलाले दिनुभयो । अन्ततः उहाँको छोरामा बौद्धिक अपाङ्गता भएको र त्यसको उपचार सम्भव नरहेको भन्ने कुरा थाहा पाएपछि यो तीतो सत्यलाई स्वीकार गर्नुको विकल्प त्यस परिवारसँग रहेन । छोरोलई जन्म दिंदा सबैको मायाको पात्र बनेकी निर्मला छोरामा बौद्धिक अपाङ्गता देखिएपछि भने सबैको हेयको पात्र बन्न थाल्नुभयो । समाज तथा परिवारका सदस्यहरू त छँदै थिए श्रीमानले समेत उहाँलाई कुटपिट गर्दै यातना दिनथाले । एकातिर छोराको त्यस्तो अवस्थाले चिन्तित बनेकी निर्मलालाई परिवार र समाजको व्ययहारले झन पीडा थपिदिएको उहाँ बताउनुहुन्छ ।

समय बित्दै जाँदा उहाँको भेट राष्ट्रिय अपाङ्ग महासंघ नेपाल सुदूरपश्चिम प्रदेशकी प्रदेश व्यवस्थापक प्रिया खड्कासँग भयो । खड्काले निर्मलालाई महासंघका कार्यक्रममा सहभागी हुन प्रेरित गर्नुभयो । पहिलो पटक कार्यक्रममा सहभागी हुन आग्रह गर्दा लाज र डरका कारण आफू सहभागी नभई बहिनीलाई सहभागी गराएको उहाँले जानकारी दिनुभयो । बहिनीबाट कार्यक्रमको प्रभावकारिताबारे सुनेपछि त्यसपछिका कार्यक्रममा आफैँ सहभागी हुन थाल्नुभयो । त्यसपछि उहाँको जीवनमा नयाँ मोड आयो । पहिलो पटक कार्यक्रममा सहभागी हुँदा आफ्ना छोराहरू जस्तै थुप्रै बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू देखेपछि आफूमा सकारात्मक उर्जा पैदा भएको उहाँको अनुभव छ । निरन्तर कार्यक्रमहरूमा सहभागी हुँदैजाँदा अपाङ्गतामैत्री व्यवहार र विशेष गरी बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको हेरचाह र उनीहरूमैत्री व्यवहारबारे राम्रो ज्ञान पाएको उहाँले बताउनुभयो ।

निर्मला विष्टका अनुसार उहाँका छोरा प्रशान्तको मानसिक अवस्था अरू बच्चा जस्तो छैन । आँखा पनि अलि कम देख्नुहुन्छ, जुन अवलोकन गर्दा हामीले पनि थाहा पायौँ । आफूले छोरालाई बौद्धिक अपाङ्गता विशेष विद्यालयमा राख्न नचाहेको कारणमा निर्मलाले भन्नुभयो - त्यस्ता अपाङ्गता विशेष विद्यालयमा प्रशान्तको राम्रो हेरचाह नहुने मेरो बुझाइ छ ।

निर्मलाका दुई छोरा छन् । प्रशान्त उहाँका जेठा छोरा हुनुहुन्छ । प्रशान्तले नजिकैको श्री केदार बोर्डिङ्ग विद्यालयबाट कक्षा ८ सम्मको अध्ययन गर्नुभएको छ । तर प्रधानाध्यापकलाई कक्षा उन्नतिका लागि आग्रह गरी कक्षा ८ सम्म पुर्‍याएको भन्ने उहाँका आमा-बुवाको भनाइ छ । आफूसँगैका साथी माथिल्लो कक्षामा गएको तर आफू चाहिँ एउटै कक्षामा सीमित रहेको भनी प्रशान्तलाई हीनताबोध नहोस् भनेर यसो गरेको जानकारी आमा निर्मलाले दिनुभयो । यहाँ पनि विद्यालयले भर्ना गर्न आनाकानी गरेको थियो । शुल्क तिर्ने शर्तमा मात्र प्रशान्तको भर्ना लिइएको थियो । यद्यपि उनी भाइको विद्यालयमा भाईसँगै पढ्ने भनेर जिद्दी गर्दथे । परिवारबाट प्रशान्तलाई कुनै किसिमको अपहेलना छैन । परिवारका सबै सदस्य उनलाई अपाङ्गता भएको नै सोच्दैनन् । प्रशान्तमा अपाङ्गता भएको भनी समाजमा कसैलाई पनि थाहा नदिएको र परिचयपत्र पनि नबनाएको अवस्था थियो तर राष्ट्रिय अपाङ्ग माहासंघको पहलमा प्रशान्तको अपाङ्गता परिचयपत्र बनेको छ । निर्मला भन्नुहुन्छ - *मेरो छोरामात्रै किन यस्तो भयोहोला, अरूको त छैन भन्ने सोच्दा धेरै नराम्रो लाग्ने गर्दथ्यो । हाल बुझ्दै जाँदा यसलाई सामान्य रूपमा लिन थालेकी छु ।*

घरमा आफूमैत्री वातावरण पाउन थालेपछि प्रशान्तले पनि धेरै कुरा सिक्न थाल्नुभयो। नयाँ मानिसहरूसँग घुलमिल हुनथाले। यतिबेला त प्रशान्त जोकोहीसँग पनि सजिलै अन्तरक्रिया गर्न सक्ने हुनुभएको छ। तरकारी काट्ने, पिठो मुछ्ने, पानी बोक्ने, आफ्नो कोठा सफा गर्ने जस्ता घरायसी कामसमेत गर्दै आउनुभएको छ।

प्रशान्त विष्ट यतिबेला बौद्धिक अपाङ्गता अभिभावक संघ कैलालीद्वारा गठित स्ववकालतकर्ताहरूको समूहमा समेत आबद्ध हुनुहुन्छ। पैरवीका लागि विभिन्न कार्यालयहरूको भ्रमणसमेत गर्नुहुन्छ। कार्यक्रमका क्रममा खिचिएका तस्बिर तथा भिडियोहरूको भ्लग तयार पारी युट्युबमा समेत अपलोड गर्नुहुन्छ। प्रशान्तको सक्रियता त्यतिमा मात्र सिमित छैन। उहाँ सीबीएम ग्लोबलसँगको साझेदारीमा राष्ट्रिय अपाङ्ग महासंघ नेपाल सुदूरपश्चिम प्रदेशमा संचालित "हामीलाई पनि समावेश गर" परियोजना अन्तर्गत गठन गरिएको प्रदेश परियोजना कार्यदलको सदस्यसमेत हुनुहुन्छ। उहाँ त्यस कार्यदलको बैठकमा निरन्तर उपस्थित भएर आफ्ना विचार व्यक्त गर्न रुचाउनुहुन्छ। त्यस्तै, कार्यदलले गर्ने नियमित वकालत तथा पैरवीका गतिविधिहरूमा समेत उहाँ संलग्न हुँदै आउनुभएको छ।

प्रशान्तलाई यो अवस्थासम्म पुर्‍याउन उहाँकी आमा निर्मलाले निकै ठूलो संघर्ष गर्नुभएको छ। निर्मलाको संघर्षको यात्रा त्यतिमा मात्र सीमित छैन। उहाँले राष्ट्रिय अपाङ्ग महासंघसँगको समन्वयमा आफ्नो क्षेत्रमा सर्वेक्षण गरेर अन्य बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई समेत समावेश गरी बौद्धिक अपाङ्गता अभिभावक संघ कैलाली स्थापना गर्नुभएको छ। यसबाट आफ्नो छोरा जस्तै अन्य बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकास र अधिकार प्राप्तिका लागि वकालत गर्न सहज भएको छ।

यसबीच सीबीएम ग्लोबलसँगको साझेदारीमा राष्ट्रिय अपाङ्ग महासंघ नेपालले संचालन गरेको "हामीलाई पनि समावेश गर" परियोजनाबाट उहाँको संस्थाले अनुदान रकम प्राप्त गर्‍यो। परियोजनाको उद्देश्यबमोजिम प्राप्त अनुदान रकमबाट संस्थाको कार्यालय स्थापना गरी आवश्यक भौतिक सामग्रीसमेत खरिद गर्न सहज भयो। त्यस्तै, एक जना कर्मचारीसमेत राख्न पाउने भएपछि त झन कार्यालयको नियमित गतिविधि अगाडि बढ्न थाल्यो। बौद्धिक अपाङ्गता अभिभावक संघ कैलालीले यतिबेला बौद्धिक अपाङ्गता भएका व्यक्ति र तिनका अभिभावकहरूको क्षमता विकासका लागि निरन्तर कार्यक्रमहरू संचालन गर्दै आइरहेको छ। त्यसका साथै स्थानीय तहसँगको समन्वयमा समेत विभिन्न कार्यक्रमहरू संचालन गर्दै आइरहेको छ। निर्मलाको नेतृत्वमा संचालित यस संस्थाले अब प्रदेश सरकारसँग समेत समन्वय गरी कार्यक्रमहरू संचालन गर्ने लक्ष्य लिएको छ।

हाल निर्मला विष्टको पहलमा सुदूरपश्चिम प्रदेशका अन्य केही जिल्लामा समेत बौद्धिक अपाङ्गता अभिभावक संघका शाखाहरू संचालनमा छन्। त्यस्तै उहाँ पनि विभिन्न कार्यक्रममा सहभागी भई बौद्धिक अपाङ्गताका सवालहरूलाई उठान गर्ने गर्नुहुन्छ। आ.व. २०८१/८२ का लागि स्थानीय तह तथा प्रदेश सरकारसमक्ष बजेट तथा कार्यक्रमका लागि प्रस्तावसमेत पेस गरेको जानकारी उहाँले दिनुभएको छ।

यसरी कुनैबेला बौद्धिक अपाङ्गता भएको छोरालाई जन्म दिएकै कारणले समाज र परिवारसमेत बाट अपहेलना खप्नु परेकी निर्मलाको जीवनमा आज राष्ट्रिय अपाङ्ग महासंघ नेपाल र "हामीलाई पनी समावेश गर" परियोजनाले गर्दा निकै परीवर्तन आएको छ । आज उहाँ आफ्नो समाजमा एक कुशल नेतृमात्र हुनभएको छैन, आफू जस्तै अन्य अपाङ्गता भएका व्यक्तिहरूका अभिभावकहरूका लागि प्रेरणाको स्रोतसमेत बन्नुभएको छ । उहाँको यो कार्यमा उहाँका श्रीमानले समेत मन खोलेर साथ दिँदै आउनुभएको छ ।



जीवन रहुञ्जेल आफूलाई यस क्षेत्रमा समर्पित गरिरहने उहाँ बताउनुहुन्छ । उहाँका छोराले पनि अहिले खुसीका साथ आफ्नो जीवन व्यतित गरिरहनु भएको छ । रचनात्मक एवं दैनिक जीवनका गतिविधिहरू गर्दै उहाँको जीवनशैली चलिरहेको छ ।

# अनुदानबाट भएको सकारात्मक परिवर्तन



सुर्खेतबाट एक दिनको यात्रामा पुग्न सकिने सुर्खेत जिल्लाको गुर्भाकोट नगरपालिकामा दलित अपाङ्गता भएका व्यक्तिहरूले साविकको गाविसस्तरीय सञ्जाललाई एकीकृत गरी स्थापना गरेको संस्था हो - अपाङ्ग एकता समाज । विक्रम संवत् २०७५ असार ४ मा स्थापना भएको यस संस्थाले अपाङ्गता भएका व्यक्तिहरूका अधिकारका लागि विभिन्न क्रियाकलापहरू संचालन गर्दै आएको छ ।

अपाङ्ग एकता समाजलाई राष्ट्रिय अपाङ्ग महासंघ नेपालले सीबीएम ग्लोबलसँगको सहकार्यमा संचालित "हामीलाई पनि समावेश गर" परियोजनामार्फत सहयोग गऱ्यो । यस परियोजनाले निष्क्रिय अवस्थामा रहेको संस्थालाई पुनर्जीवित गराउन संस्थागत क्षमता विकास शीर्षकमार्फत सहयोग गरी महासंघमा समेत समावेश गऱ्यो ।

महासंघले संस्थाको अपाङ्ग एकता समाजको प्रशासनिक कार्यमा निरन्तररूपमा प्राविधिक सहयोगसमेत उपलब्ध गराउँदै आएको छ । परिणामस्वरूप अपाङ्गता भएका व्यक्तिहरू संगठित भई आफ्नो हकहित र अधिकार प्राप्तिका लागि काम गरिरहेका छन् ।

राष्ट्रिय अपाङ्ग महासंघ नेपालले २०७८ साउन २३ (१६ जुलाइ २०२१) मा *"हामीलाई पनि समावेश गर"* परियोजनाका क्रियाकलापमार्फत आफ्ना सदस्य संस्थाहरूको क्षमता अभिवृद्धि गर्न इच्छापत्र आह्वान गरेको थियो । समाजले पनि इच्छापत्र पेश गर्दै २ लाख ९८ हजार रुपियाँ अनुदान पाउन सफल भयो । जसबाट कम्प्युटर टेबल, कुर्सी र इन्टरनेट जडान गरियो । यद्यपि, प्रिन्टर र दराजको अभावले केही कठिनाइ भने उत्पन्न भयो ।

अनुदानकै बजेटबाट अपाङ्ग एकता समाजले २०७९ साउन ३ (१९ जुलाइ २०२२) मा गुर्भाकोट नगरपालिकामा पैरवी बैठक आयोजना गऱ्यो । बैठकमा नगरपालिका र महासंघका जनवकालत संयोजकले अपाङ्गता भएका व्यक्तिहरूका आवश्यकताबारे जानकारी गराए । यसको फलस्वरूप, नगरपालिकाले साउन १० गते प्रिन्टर र दराज उपलब्ध गराउने निर्णय गरेर २०७९ कात्तिक (नोभेम्बर २०२२) मा प्रदान उपलब्ध गरायो । यसले गर्दा समाजको दैनिक कार्य सम्पादनलाई सहज बनायो । यसबीच, संस्थाका पदाधिकारीहरूले वडा नम्बर १२ का जनप्रतिनिधिहरूसँग २०७९ चैत ३० (१३ अप्रिल २०२३) मा अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र र बजेट वितरणको अवस्थाबारे छलफल गर्ने क्रममा संस्थाको कार्यालय संचालनका गर्नका लागि भवनको अभाव रहेको जानकारी गराउँदै आवश्यक सहयोगका लागि अनुरोध गरे ।

छलफलपछि वडा अध्यक्षले दलित सञ्जालको भवन प्रयोग गर्न दिए तर त्यो भवन व्यक्तिको जग्गामा रहेको थाहा पाएपछि संस्थाले फेरि पालिका र अन्य वडा कार्यालयमा पैरवी गरेर २०७९ जेठ २४ (७ जुन २०२३) मा वडा नम्बर ४ मा निःशुल्क प्रयोग गर्न मिल्ने व्यवस्थासहित दुई कोठे भवन प्राप्त गर्न सफल भयो।

संस्थाले अहिले त्यही भवनबाट आफ्नो दैनिक कार्यसम्पादन गर्नका लागि आन्तरिक स्रोतबाट १ जना अपाङ्गता भएका व्यक्तिलाई कर्मचारीको रूपमा रोजगारसमेत दिँदै आइरहेको छ। आफ्नो आधिकारिक कार्यालय स्थापना भएपछि संस्थाले दिगोपनका लागि स्थानीय तह, विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थासँग सहकार्य र समन्वय गरिरहेकोमा आर्थिक वर्ष २०८०/८१ मा गुर्भाकोट नगरपालिकामार्फत १० लाख २५ हजार रुपियाँवरावरको कार्यक्रम गर्न सफल भएको छ।

अपाङ्गता भएका व्यक्तिहरूलाई अधिकार प्राप्ति, रोजगारीको सुनिश्चिततासहित विभिन्न व्यवसायमा जोड्नका लागि संस्थाले निरन्तर काम गर्दै आइरहेको छ। विकट बस्तीका दलित समुदायभित्र रहेका अपाङ्गता भएका व्यक्तिहरूले अपाङ्गताका क्षेत्रमा गरेको योगदान सबैका लागि प्रेरणा बनिरहेको छ।

यो निरन्तर गरिएको पैरवीको एउटा उदाहरणमात्र हो। अपाङ्गता भएका व्यक्तिहरूले सञ्चालन गरेका संस्थाहरूलाई सानो सहयोगले पनि ठूला परिवर्तनका गतिविधि गर्न सकिन्छ। त्यसैले, यस्ता संस्थालाई निरन्तर सहयोग र सहकार्यको आवश्यकता छ।

# २७ वर्षको उमेरमा बल्ल मायाको हात पर्‍यो परिचयपत्र



मकवानपुर जिल्लाको हेटौंडा उपमहानगरपालिका - १२, पदमपोखरी निवासी सुनाइसम्बन्धी अपाङ्गता भएकी माया रुम्बाले २७ वर्षको उमेरमा जन्मदर्ता, नागरिकता र अपाङ्गता परिचयपत्र प्राप्त गर्नुभएको छ । एक छोराकी आमा उहाँले यी प्रमाणपत्र पाएपछि मात्र नेपाल सरकारबाट दिइने सामाजिक सुरक्षा भत्तासमेत पाउन थाल्नुभएको छ ।

माया जन्मैदेखि सुनाइसम्बन्धी अपाङ्गता भएकी महिला हुनुहुन्छ । सामान्य परिवारमा जन्मेकी मायाले बहिरा अपाङ्गता भएकै कारणले समयमा शिक्षा प्राप्त गर्न सक्नुभएन । पारिवारिक आर्थिक अवस्था सामान्य र शिक्षाको आवश्यकतालाई नबुझेका कारणले गर्दा उहाँले सामान्य शिक्षाबाट वञ्चित रहनु पर्‍यो ।

आफू अपाङ्गता भएको व्यक्ति भएकै र पारिवारिक कारणले गर्दा सामान्य अधिकार पाउनबाट समेत उहाँ वञ्चित रहन पुग्नुभयो । जन्मेपछि प्राप्त गर्ने जन्मदर्ता देखि नागरिकता र अपाङ्गता परिचयपत्रसमेत समयमा प्राप्त गर्न सक्नुभएन । आवश्यकता महसुस हुँदा पनि परिवारले अनेक बहाना गरी आलटाल गरिरहे । बनाइदिन पहल भएन । उहाँको विवाह हुँदा पनि जन्मदर्तासमेत थिएन ।



बागमती प्रदेश सरकारले संचालन गरेको सीपमूलक तालिममा सहभागी मायाको परिचय खुल्ने आवश्यक कागजात माग्दा केही पनि नभएको थाहा पाएपछि तालिममा सहभागी नगराउने भन्ने सूचना महासंघले प्राप्त गर्‍यो । तत्काललाई तालिममा सहभागी गराउन र तालिमपछि सबै कागजात बनाएर बुझाउने भनी महासंघले मन्त्रालयलाई अनुरोध गरी तालिम दिलायो । माया लामा (रुम्बा) का नागरिकतालगायत अन्य सम्पूर्ण कागजात बनाउन महासंघका तर्फबाट माइती परिवार र वडा सचिव, जन प्रतिनिधिसमेत सचिवसमेत राखी पटक पटक छलफल गरियो ।

उहाँका पिता सकेसम्म छलफलमा आउनै नमान्ने, आए पनि अनेक बहाना गरेर टाढा हुने, पन्छने गर्नुहुन्थ्यो । बाहिर सुनिए अनुसार बहिरा छोरी भएका कारण सम्पत्ति दिनुपर्छ कि भन्ने सोच र डरले उहाँ टाढा टाढा हुने गर्नुहुन्थ्यो रे ! वडाध्यक्ष र वडा सचिवले पटकपटक उहाँ (पिता) लाई कार्यालयमा बोलाई कागजातका लागि सिफारिस गरिदिन अनुरोधसमेत गरेका थिए । वडाबाट नै सिफरिस नगरिदिएका कारण कुनै काम अघि बढ्न सकेको थिएन । यस्तैमा २ वर्ष बितेको थियो । यसैबीच, २०७९ मा मायाका पिताको मृत्यु भयो । दाजुहरूले झन् वास्तै गर्नुभएन ।



पछि २०७९ चैत १६ मा राष्ट्रिय अपाङ्ग महासंघ-नेपाल बागमती प्रदेश कार्यलयमा उहाँको हस्तलिखित निवेदन पर्‍यो । त्यसमा भनिएको छ- हेटौडा- १२ निवासी वर्ष २५ कि सुनाइसम्बन्धी अपाङ्गता भएकी म माया रुम्बा अहिले विवाहित रहेको, माइतीघरमा एक दाजु र एक बहिनी रहेका, उनीहरूको जन्मदर्ता र नागरिकताको प्रमाणपत्र बनिसकेको तर मेरो हालसम्म पनि जन्मदर्ता र नागरिकतासमेत नबनेको, घरमा धेरै अनुरोध गर्दासमेत बेवास्ता गरी पछि बनाइदिन्छु भनेर आशामात्र दिलाउने गरेको, हाल आमा-बुबाको मृत्युसमेत भइसकेको र जन्मेको प्रमाणसमेत माइतीघरमा नभएको, जन्मदर्ता र नागरिकता नभएका कारण विवाहदर्तासमेत गर्न नपाएको तथा अपाङ्गता परिचयपत्रसमेत नबन्दा सामाजिक सुरक्षा भत्ताका साथै अन्य सुविधाबाट समेत वञ्चित रही अन्यायमा परेको छु र मलाई न्याय दिलाईदिन हुन अनुरोध गर्दछु ।

उहाँको निवेदन परेपछि न्याय दिलाउनका लागि मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयसमक्ष निवेदनको प्रतिलिपिसमेत संलग्न गरी यो निवेदन पेश गरेको थियो । निवेदनका आधारमा महासंघले मानव अधिकार आयोगलाई पत्रमार्फत जानकारी गरायो । त्यसै अनुरूप आयोगको अनुकूलतामा महासंघसमेत भई मायाका माइतीपक्षलाई सूचना गरी वडा कार्यलयमा वडाध्यक्ष र सचिबको उपस्थितिमा एकचरणको छलफल गरियो । त्यसपछि माइती परिवार र वडाका प्रतिनिधि पूर्णरूपमा सकारात्मक भए ।

उनको त्यस समयको अवस्थालाई मध्यनजर गरी (उनी सुत्केरी भई अस्पतालमा रहेको) उनको अनुकूल समयमा जन्मदर्ता गराई अन्य कागजात पनि बनाउन माइतीपक्ष मञ्जुर भए । महासंघको अथक प्रयास र राष्ट्रिय मानव अधिकार आयोगको समन्वयात्मक भूमिकाबाट माया लामाले स्थानीय निकायहरूबाट जन्मदर्ता, नागरिकता, विवाहदर्ता र अपाङ्गता परिचयपत्र प्राप्त गरेर सामाजिक सुरक्षा भत्तासमेत पाउन जानकारी दिनुभएको छ ।

भत्ता समेत प्राप्त गर्न थालेको बतायकी छन। हाल उनले मासिकरूपमा सामाजिक सुरक्षा भत्तास्वरूप २१२८ रुपियाँ प्राप्त गर्दै आएकी मायाका श्रीमान पनि सुनाइसम्बन्धी अपाङ्गता भएका व्यक्ति हुनुहुन्छ । उहाँ दैनिक ज्याला मजदुरीको काम गर्ने गर्नुहुन्छ । हाल माया र उहँको परिवार खुसीसाथ जीवन बिताइरहेको छ ।

# शुरुवात म आफैँबाट गर्छु !



प्रेमबहादुर गुरुङ भन्नुहुन्छ - "मैले नगरी कस्ले गर्ने र अहिले नगरी कहिले गर्ने ? त्यसैले राम्रो कामको शुरुवात म आफैँबाट गर्नु पर्छ भन्ने मलाई लाग्छ । मैले गरेको काम अरूलाई मनपर्‍यो भने पो उनीहरूले पनि त्यही गर्न सक्छन् । राम्रो काम गर्‍यो भने पो अरूलाई बुझाउन सकिन्छ । त्यसपछि अरूलाई मैले गरेको परिवर्तनबारे थाहा हुन्छ र त्यही कुराको आवश्यक्ताबारे थाहा पाउँछन् र सिको गर्न पनि सक्छन् ।"

कास्की जिल्लाको मादी गाउँपालिका वडा नं ३ निवासी ३० वर्षीय प्रेमबहादुर शारीरिक अपाङ्गता भएका व्यक्ति हुनुहुन्छ । उहाँ हाल बाब, आमा, श्रीमती र २ छोरा छोरीसँग मादीमै बस्दै आउनुभएको छ । उहाँले १०+२ सम्म अध्यन गर्नुभएको छ । परीक्षामा लेख्नका लागि सहयोगी राख्न पाउने व्यवस्थाबारे जानकारी नभएको हुनाले स्नातक तहमा भर्नामात्र हुनुभएको रहेछ ।

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल गण्डकी प्रदेशले सीबीएम ग्लोबलसँगको सहकार्यमा सञ्चालित "हामीलाई पनि समावेश गर" परियोजना अन्तर्गत मादी गाउँपालिकालाई कार्यक्षेत्रको रूपमा छनौट गरेको थियो । यसै परियोजना अन्तर्गत सञ्चालित अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकास तालिमका लागि मादी गाउँपालिकाबाट प्रेमबहादुर गुरुङ छानिनु भयो । यसपछि उहाँ यस परियोजनामा जोडिनुभयो ।

उहाँ भन्नुहुन्छ - "म कुनै पनि संघ संस्थामा आबद्ध थिइन । मलाई अपाङ्गता भएका व्यक्तिहरूका लागि काम गर्ने संस्थाबारे जानकारी पनि थिएन । एक दिन एक्कासी राष्ट्रिय अपाङ्ग महासंघ नेपाल गण्डकी प्रदेशबाट फोन आयो । फोन गर्नेले मेरोबारेमा जानकारी लिनुभयो । फेरि अर्को दिन फोन गरेर ५ दिने क्षमता विकास तालिममा सहभागिताको लागि बोलाउनुभयो । म खुसी भएर तालिममा सहभागी भएँ । अहिलेसम्म मैले यस्ता तालिम लिएको थिइन । मैले यस तालिमबाट अपाङ्गताको प्रकार, अपाङ्गता भएका व्यक्तिहरूका अधिकार, अपाङ्गता भएका व्यक्तिहरूसम्बन्धी ऐन कानुन, समूह, संगठनको महत्व जस्ता धेरै कुरा सिकेँ ।"

त्यो ५ दिने तालिमपछि राष्ट्रिय अपाङ्ग महासंघ नेपाल गण्डकी प्रदेशको समन्वय तथा सहजीकरणमा उहाँ गाउँपालिकाको कार्यालयमा गएर गाउँपालिकाका उपाध्यक्ष र सामाजिक शाखा प्रमुखसँग भेटघाट गर्नुभयो । उहाँले अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्क माग्नु हुँदा पूरै तथ्याङ्क नभएको र आगामी दिनमा सबै वडामा अपाङ्गता परिचयपत्रको शिविर सञ्चालन गरी तथ्याङ्क सङ्कलन गर्ने योजना रहेको जानकारी पाउनुभयो ।

भौगोलिक हिसाबले सबै वडामा अपाङ्गता भएका व्यक्तिहरूसँग सम्पर्क गर्न केही कठिन भएपछि उहाँको वडामा अपाङ्गता समन्वय समिति गठन गरी आगामी वर्षका लागि बजेट माग गरियो । गाउँपालिका र उहाँको वडा एकै ठाउँमा भएको हुनाले उहाँलाई गाउँपालिकामा समन्वय गर्न सहज भयो । साथै, अपाङ्गता सञ्जाल मादी गठन गरी उपाध्यक्षको रूपमा उहाँले काम गर्दै आउनुभएको छ ।

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल गण्डकी प्रदेशले पालिकास्तरीय स्थानीय अपाङ्गता समन्वय समितिमा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व गराउन उहाँलगायत अरू ३ जना फरक प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गराउन सफल भयो । अहिले मादी गाउँपालिकाका प्रत्येक वडामा अपाङ्गता समन्वय समिति गठन भई तिनले वडाले विनियोजन गरेका बजेट तथा कार्यक्रम सञ्चालन पनि गरिरहेका छन् ।




प्रेमबहादुर गुरुङले त्यसपछि राष्ट्रिय अपाङ्ग महासंघ नेपाल गण्डकी प्रदेशले आयोजना गरेको पहुँचयुक्तता र विश्वव्यापी सिद्धान्त तथा पहुँचयुक्त परीक्षण विषयमा तालिम लिने मौका पाउनुभयो । तालिमपछि उहाँले मादी गाउँपालिकामा स्थानीय पहुँच परीक्षण वकालत समूह (LAAT) गठन गरी त्यसको संयोजकको रूपमा काम गर्ने मौका पाउनुभयो । फलस्वरूप उहाँ र अन्य LAAT समूहले गाउँपालिकाको कार्यालयमा गएर अब बन्ने संरचनाहरू पहुँचयुक्त बनाउनका लागि गाउँपालिकाका अध्यक्षसँग छलफल गरी प्रतिबद्धता पनि मागे । उहाँहरूले अन्य कार्यालयमा पनि पुगेर पहुँचयुक्त संरचनासम्बन्धी वकालत गर्नुभयो ।

उहाँ भन्नुहुन्छ - “मेरो इच्छा पहुँचयुक्त होमस्टे व्यवसाय गर्ने हो । त्यसैले मैले आफ्नै लगानीमा मेरो घरमै पहुँचयुक्त शौचालय निर्माण गरें । साथै, मूल सडकबाट आँगनसम्मको सिँढी बाटो फालेर ह्विलचयर सहजै जाने बाटो बनाउँदै छु ।”



राष्ट्रिय अपाङ्ग महासंघ नेपाल गण्डकी प्रदेशको समन्वय र सहजीकरणमा उहाँले गण्डकी प्रदेश सरकारको आयोजनामा ३ महिने होमस्टे सञ्चालनसम्बन्धी तालिम लिने मौका पाउनुभयो । अहिले सानो व्यवसाय पनि सञ्चालन गरिरहनु भएको छ । गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रममा खाजा, खाना र वासको व्यवस्थापनका लागि उहाँले पनि जिम्मेवारी पाउने गर्नुभएको छ । यसबाट आम्दानी पनि बढ्न थालेको उहाँको भनाइ छ ।

स्थानीय पहुँच परीक्षण वकालत समूह मादीले बन्दै गरेका नयाँ संरचनाहरू पहुँचयुक्त बनाउन बेलाबेलामा वकालत गर्ने गरेका छन् । साथै, पालिकाले नयाँ संरचनाहरू पनि पहुँचयुक्त बनाउँदै छन् । त्यस्तैगरी राष्ट्रिय अपाङ्गमहासंघ नेपाल गण्डकी प्रदेशको समन्वयमा उहाँले राष्ट्रिय जनगणना २०७८ मा गणकको रूपमा काम गर्न पनि पाउनुभयो । भौगोलिक हिसाबले धेरै कठिनाइ भए पनि घरघरमा गएर तथ्याङ्क लिने क्रममा अपाङ्गता भएका व्यक्तिहरूसँग पनि प्रत्यक्ष भेटघाट भयो । यसबाट उहाँलाई अपाङ्गता भएका व्यक्तिहरूको संगठनलाई विस्तार गर्ने आधार मिल्यो ।

अन्त्यमा उहाँ भन्नुहुन्छ - "महासंघले मलाई अपाङ्गता भएका व्यक्तिहरूको सवालमा वकालत गर्न सिकायो, सङ्गठित हुन सिकायो, व्यवसायी पनि बनाइदियो । अहिले रोजगार पनि गराएको छ । महासंघसँग जोडिन नपाएको भए म गाउँमा बाबा-आमासँग आश्रय लिएर बसेको हुनेथिएँ । धेरै जनासँग चिनजान बढेको छ । पालिकाले विभिन्न कार्यक्रममा बोलाउने गरेको छ । त्यसैले महासंघलाई धेरै धेरै धन्यवाद !"

## किन पाउँदैनन् मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूले परिचय पत्र ? ऐनलाई दोष देखाएर कति समय पञ्छन सक्छ स्थानीय सरकार !



अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन, २०७४ एवं पहिलो संशोधन, २०७५ ले अपाङ्गतालाई १० किसिममा वर्गीकरण गरेको छ, जसमा मानसिक तथा मनोसामाजिक अपाङ्गता पनि पर्दछ । तर, गण्डकी प्रदेशको तनहुँ जिल्ला, व्यास नगरपालिकाले ऐन स्पष्ट नभएको भन्दै मानसिक तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूलाई अझै पनि परिचयपत्र उपलब्ध गराएको छैन ।

हाल अपाङ्गता भएका व्यक्तिहरूलाई परिचयपत्र वितरण गर्ने अधिकार स्थानीय तहहरूमा रहेको भए पनि स्थानीय सरकारले परिचयपत्र वितरण गर्ने प्रक्रियाबारे अझसम्म गतिलो ढङ्गबाट निर्णय लिनसकेको पाइँदैन । सबै स्थानीय तहमा अपाङ्गता परिचयपत्र वितरणका लागि उपप्रमुखको संयोजकत्वमा अपाङ्गता परिचयपत्र वितरण समितिको व्यवस्था गरिएको छ । समितिमा डाक्टर, शिक्षा प्रमुख, सुरक्षा प्रमुख, ओपीडी (अपाङ्गता भएका व्यक्तिहरूको संस्था) का प्रतिनिधि तथा पालिकाका अधिकारीहरू सदस्य हुन्छन् ।

अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण कार्यविधि, २०७५ को परिच्छेद २ को दफा ४ (क) ४ मा निरन्तररूपमा सघन हेरचाह (स्याहार सुसार) को आवश्यकता परिरहने शारीरिक अपाङ्गता भएका व्यक्ति वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरू तथा परिच्छेद २ को दफा ४ (ग) १५ मा मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरू भनी अस्पष्ट भएको हुनाले परिचयपत्र वितरणमा समस्या भएको तर्क पालिकाहरूले गर्ने गरेका छन् । तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं. १० निवासी रमिला ओझा मनोसामाजिक अपाङ्गताभएकी महिला हुनुहुन्छ । हाल उहाँ कोसिस नेपालको पहलमा गठन भएको परोपकार स्वावलम्बन समूहको सचिव पदमा कार्यरत हुनुहुन्छ । परोपकार स्वावलम्बन समूह मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूद्वारा सञ्चालित समूह हो । समूहका सदस्य मासिकरूपमा बैठक बसी मासिक वचत सङ्कलन गरी कम ब्याजदरमा रकम लगानी गर्दछन् । आफूले जानेबुझेका कुरामा छलफल गर्दछन् ।

रमिला ओझाको परिवारमा दुई जना छोराछोरी र श्रीमान हुनुहुन्छ । ओझा भन्नुहुन्छ- मलाई विगत आठ वर्षदेखि अवसाद (Depression) को समस्या छ । मेरा श्रीमानमा पनि यही समस्या छ । विवाह भएको १५ दिन जतिपछि श्रीमानले डिप्रेसनको औषधी सेवन गर्ने गरेको थाहा पाएँ । त्यसपछि मेरा मनमा कुराहरू खेल्न थाले । केही वर्षपछि ममा पनि यो समस्या (रोग) बढ्न थालेकाले औषधी सेवन गर्न थालें । औषधी खान बिर्सियो भने सञ्चो हुँदैन र मन आत्तिन थालिहाल्छ ।

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल गण्डकी प्रदेशले सीबीएम ग्लोबलसँगको साझेदारीमा सञ्चालित "हामीलाई पनि समावेश गर" परियोजना अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकास तालिम आयोजना गर्‍यो । मानसिक तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिमध्ये परोपकार स्वावलम्बन समूहका तीन जना सदस्यमध्ये रमिला ओझा पनि त्यसमा छानिनुभयो । तालिममा सहभागी भएपछि उहाँ यस परियोजनामा जोडिनुभयो ।

पहिलो पटक सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूसँग कार्यक्रममा सहभागी भएकी रमिला ओझा भन्नुहुन्छ- सुरुमा त मलाई असहज महसुस भयो । तालिम सुरु भएपछि प्रशिक्षकसँगै सहभागी साथीहरू मिलनसार भएका हुनाले घुलमिल हुन सहज भयो । मलाई तालिम एकदमै सान्दर्भिक लाग्यो । अपाङ्गता भएका व्यक्ति भनेर शारीरिक, दृष्टिसम्बन्धी र मनोसामाजिकमात्रै थाहा थियो तर तालिममा आएपछि पो थाहा भयो १० प्रकारका हुन्छन् भनेर ।"



अपाङ्गता भएका व्यक्तिहरूका अधिकार, ऐन, कानुनसँगै अपाङ्गता परिचयपत्रको महत्त्वका बारेमा धेरै जानकारी भएको र तालिमपछि तुरुन्त परिचयपत्र वनाउने विचार गरेको उहाँले सुनाउनुभयो । रमिला ओझा भन्नुहुन्छ- "हामी मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरू कसैको पनि अपाङ्गता परिचयपत्र छैन । तालिमपछि समूहका केही साथीसहित परिचयपत्र बनाउन पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरा गयौँ । त्यहाँ हामीलाई सिफारिस दिन आनाकानि गरियो । हामीले जति प्रयास गर्दा पनि अस्पतालबाट सिफारिस पाउन नसकेपछि तुरुन्तै राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेशको कार्यालयमा फोन गरेर समस्या बतायौँ ।"

महासंघले अस्पतालका प्रशासन प्रमुखसँगसमन्वय गरेर सिफारिस उपलब्ध गराउन सहजीकरण गर्‍यो । ओझा भन्नुहुन्छ- "त्यसपछि हामीले व्यास नगरपालिकामा अपाङ्गता परिचयपत्र पाऊँ भनी आवश्यक सम्पूर्ण कागजपत्रका साथ निवेदन पेश गर्‍यौँ । तर, मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरू त औषधी सेवन गरेपछि निको हुन्छन् भनेर हामीलाई परिचयपत्र दिइएन । हामीले धेरै प्रयास गर्‍यौँ । केही दिन कुर्नुहोस् भनी हामीलाइ बारम्बार पालिकाबाट फर्काइयो । हामीले हाम्रो समस्याबारे महासंघमा जानकारी गरायौं ।"

महासंघले व्यास नगरपालिकाको स्थानीय अपाङ्गता समन्वय समितिका सदस्यहरूसँग फोनमार्फत समन्वय गर्‍यो । साथै, केही ओपीडीहरूसँग समन्वय गर्दा यो समस्या समाधान गर्न हामी छलफल गर्ने जवाफ आयो । कोभिड-१९ को कारण देखाई धेरै बहाना गरिँदा राष्ट्रिय अपाङ्ग महासंघ नेपाल गण्डकी प्रदेशका सचिवले व्यास नगरपालिकाका उपप्रमुखसँग भेटेर मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र विषयमा छलफल गर्नुभयो ।

उपप्रमुखले पनि अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण कार्यविधि, २०७५ नै अस्पष्ट रहेको, कार्यविधिको परिच्छेद २ को दफा ४ (क) ४ र (ग) १५ मा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिमात्र भनिएको तर कस्तो अवस्थाको व्यक्तिलाई कुन प्रकारको परिचयपत्र दिने भन्ने उल्लेख नभएको हुनाले परिचयपत्र वितरणमा समस्या भएको बताउनुभयो । उहाँले कार्यविधि संशोधन गर्न महासंघले पनि पहल गर्नु पर्ने सुझाव दिनुभयो ।

हाल व्यास नगरपालिकाले केही मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई गाम्भीरताका आधारमा परिचयपत्र दिने गरेको जानकारी रमिला ओझाले दिनुभएको छ । उहाँले भने अहिलेसम्म पनि परिचयपत्र पाउनुभएको छैन ।

रमिला ओझा भन्नुहुन्छ - "हामी धेरै पटक नगरपालिका गयौँ तर औषधी खाएपछि निको हुन्छ भन्दै हामीलाई फर्काइदिन्छन् । हाम्रो समस्याले गर्दा दिनदिनै गएर वकालत गर्न पनि सक्दैनौं । उनीहरूलाई एक पटक औषधी नखाँदा कति गाह्रो हुन्छ भन्ने के थाहा हुन्छ र ! तर पनि हामी हार नखाई वकालत गरिरहने छौँ । एक दिन अवश्य हामीले पनि परिचयपत्र पाउनेछौँ । यसमा महासंघले हामीलाई सहयोग गर्नेछ र महासंघप्रति हाम्रो विश्वास पनि छ । कार्यविधिमा भएको अस्पष्टता पनि हट्नेछ भन्ने हामीलाई लागेको छ ।"

ऐनमा भएको अस्पष्ट प्रावधानलाई संशोधन गर्न सबै अपाङ्गता अधिकारकर्मी एकजुट भएर वकालत र पैरवी गर्ने हो भने परिचयपत्र प्राप्त गर्नबाट वञ्चित भएका मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूले यथाशीघ्र परिचयपत्र प्राप्त गरी राज्यले अपाङ्गता भएका व्यक्तिहरूलाई उपलब्ध गराएका सेवा सुविधा उपभोग गर्न पाउनेछन् ।

## आफ्नै घरमा सुरक्षित छैनन् बौद्धिक अपाङ्गता किशोरी ! दुई वर्षमा पनि भएन सुरक्षित दीर्घकालीन पुनर्स्थापनाको प्रत्याभूति !

कोसी प्रदेशको सुनसरी जिल्ला, इनरुवा नगरपालिका निवासी एक अति अशक्त बौद्धिक अपाङ्गता भएकी किशोरी सिमला (परिवर्तित नाम) २०७९ माआफ्नै घरमा छिमेकी दिवाकरकुमार (परिवर्तित नाम) बाट बलात्कृत हुनुभयो । सिमलालाई घरमा छोडेर आफू ज्यालादारीमा काम गर्न गएको समयमा छिमेकी दिवाकरले आफ्नी छोरीलाई करणी गरेको पीडितकी आमाले बताउनुभयो ।

घटनाको सूचना ओरेक नेपाललेटेलिफोनमार्फत राष्ट्रिय अपाङ्ग महासंघ नेपाल कोसी प्रदेशलाई दिएको थियो । घटनाको जानकारी पाउनासाथ महासङ्घ कोसी प्रदेशलेआफ्नो जनवकालत अधिकृतलाईतत्कालै घटनाको वस्तुस्थिति बुझ्न र पीडितलाई न्याय र आरोपीलाई सजाय दिलाउन महासङ्घको तर्फबाट सहजीकरण गर्नका सिमलाको घरपरिवारसँग समन्वय गर्न पठायो ।

पीडितको घरको स्थलगत अवलोकन गर्दा कच्ची फुसको घर, शौचालयमा ढोका नरहेको र जस्तापाताले बेरेको छ । सिमलाकोघरमा उनी र उनकी आमामात्रै बसोबास गर्ने गर्नुहुन्छ । उहाँका बुबाको पहिले नै निधन भइसकेको र दाजु भाउजूघरपरिवारसँग छुट्टिएर अलग्गै बसिरहेकालेघरपरिवारको गर्जो टार्न आमाले ज्याला मजदुरीको काम गर्नु परिरहेको छ । तर, छोरीमाथि यस्तो घटना भएपछि आफूले छोरीलाई घरमा एक्लै छाडेर ज्याला मजदुरीको काममा जान नसकेको उहाँ बताउनुहुन्छ ।

जनवकालत अधिकृतले पीडितको घर, छिमेकी र स्थानीयसँग घटनाको विस्तृत जानकारी लिई स्थानीयप्रहरी कार्यालयमा आरोपीको नाममा किटानी जाहेरी दर्ता गर्न सहयोग गर्नुभयो । पीडित र उनकी आमालाइ तिमी लेखेर जनवकालत अधिकृतलाइ चाहिँ तपाइँ लेख्दा एकरूपता हुँदैन । कि दुवैलाइ तिमी कि दुवैलाइ तपाइँ सम्बोधन गर्नु पर्छ र यसो गरेको हुँ ।

घटानाका सम्बन्धमा प्रहरीले गर्ने अनुसन्धान प्रक्रिया, पीडितको स्वास्थ्य परीक्षण, आरोपितलाई पक्रेर अनुसन्धान गरी घटनाको मिसिल तयारी, जिल्ला सरकारी वकिलको कार्यालय सुनसरी इनरुवामार्फत जाहेरवाला पीडितकी आमाको जाहेरीमा वादी नेपाल सरकार र आरोपी दिवाकरकुमारलाई प्रतिवादी बनाएर सुनसरी जिल्ला अदालतमा २०७९ चैत २ गते जबरजस्ती करणीको कसुरमा मुद्दा दर्ता गर्न पनि उहाँले सहयोग गर्नुभयो । यससँगै सिमलाको परिवारलाई सल्लाह तथा परामर्श प्रदान गर्दै न्यायिक प्रक्रियामा महासङ्घको तर्फबाट निरन्तर सहयोग गर्दै आउनुभयो ।

सिमलाको परिवारको आर्थिक अवस्था कमजोर भएका कारण न्यायिक प्रक्रियामा लाग्ने खर्चको जोहो गर्न नसक्दा सितलाकी आमाले बीचैमा मुद्दा छोड्नु पर्ने परिस्थितिसम्म आएको थियो । परिवारले

महासंघलाईमुद्दा लड्न आर्थिक सहयोग उपलब्ध गराई सहयोग गरिदिन लिखित निवेदन पेश गरेपछि राष्ट्रिय अपाङ्ग महासंघ नेपालले सीबीएम ग्लोबलसँगको सहकार्यमा सञ्चालन गरिरहेको “हामीलाई पनि समावेश गर” परियोजनामार्फत सिमलाको परिवारलाई मुद्दा लड्न जाँदा लाग्ने यातायात र खाजा खर्च उपलब्ध गरायो ।

पीडितको आमाले भन्नुभयो - “म बिहान बेलुकाको खानाका लागि अरूको घरमा काम गर्न जानुपर्छ । आफ्नो घर पनि कच्ची भएको एवं घटनाको बकपत्र हुनुभन्दा अघिल्लो दिन घरमा आगलागी भएका कारणछोरीलाई घरमा राख्दा सुरक्षित नहुने भएकाले आर्थिक सहयोग मागेकी हुँ ।”

न्यायको लागि कानुनि प्रक्रियामा गएको र घरमा राख्दा असुरक्षित हुने देखेर सबैको सल्लाहबमोजिम पीडितलाई दीर्घकालीनरूपमा सुरक्षित हुने गरी पुनर्स्थापना गराउने निर्णय भयो । इनरुवा नगरपालिकाको न्यायिक समिति, राष्ट्रिय मानव अधिकार आयोग, ओरेक नेपालसँग छलफल गरी उनलाई २०८० साउन १७ गतेदेखि अल्पकालीन पुनर्स्थापना गृह बराहक्षेत्र, सुनसरीमा पुनर्स्थापना गराउन आवश्यक सहयोग प्रदान गरियो ।

पीडित अति अशक्त बौद्धिक अपाङ्गता भएको व्यक्ति भएकाले दैनिक क्रियाकलाप गराउन स्वयं हेरचाहसम्बन्धी तालिम प्राप्त व्यक्ति नभए तापनि एक जना सहयोगी निरन्तररूपमा पीडितको हेरचाहका लागि परिचालन गर्नुपरेको छ । यसबाट पनि खर्चको भार थपिएको छ । सुनसरी जिल्ला अदालतबाट २०८० चैत ८ गते पीडितको अभियोग दाबी पुग्नेगरी मुद्दाको फैसला भएको छ । तर, पीडितलाई दीर्घकालसम्म सुरक्षितरूपमा पुनर्स्थापना गराउन उपयुक्त व्यवस्था भने हुन सकेको छैन । पीडित इनरुवा नगरपालिका निवासी भएकाले उनको सामाजिक सुरक्षाका साथै पुनर्स्थापनाको व्यवस्थापन गर्नु पर्ने स्थानीय तहको दायित्व हो । त्यसैले पीडितको दीर्घकालीन पुनर्स्थापनाका लागि आवश्यक प्रक्रियाद्वारा व्यवस्थापनका सम्बन्धमा नगर उपप्रमुख र महिला बालबालिका शाखा प्रमुखसँग छलफल भएको छ । घर र शौचालयको ढोका, जस्ताको छानो, घर परिसरवरपर तारजाली लगाई घेर्दा पीडितलाई घरमै राख्न सकिने हुनसक्छ । पीडित कोशबाट यो काम गर्न सकिन्छ । यदि यो बिकल्प पनि सम्भव नहुने भएमा इनरुवा नगरपालिकाको सेफ हाउसमा राख्न अथवा संघीय सरकारले चलाएको पुनर्स्थापना गृहमा सिफारिस गरी पठाउन सकिन्छ ।

इनरुवा नगरपालिकाका उपप्रमुखले २०८१ सालको असोज पहिलो सातासम्म हाल बसिरहेको अल्पकालीन पुनर्स्थापना गृहमा राख्नुहुन र त्यसपछि पीडित किशोरीको सुरक्षित व्यवस्थापन गरिने छ भन्नुभएको छ । उहाँले यस्तो प्रतिबद्धतासहित स्थानीय सरकारको दायित्व अनुभूति गराउने अभिव्यक्ति दिनुभयो तरहालसम्म पनि पीडित सिमला अल्पकालीन पुनर्स्थापना गृहमै छिन् । दीर्घकालीन पुनर्स्थापनाका लागि कुनै पनि व्यवस्था हुन सकेको छैन ।

## राष्ट्रिय अपाङ्ग महासंघ नेपाल सुदूरपश्चिम प्रदेशले बारम्बार गरेको वकालत तथा पैरवीका कारण सामाजिक विकास मन्त्रालयमा अपाङ्गमैत्री र्‍याम्प निर्माण

सुदूरपश्चिम प्रदेशमा अपाङ्गता भएका व्यक्तिहरूको लामो संघर्षपछि सकारात्मक प्रतिफल प्राप्त भएको छ। कुनैबेला अपाङ्गता भएका व्यक्तिहरूका मागमा त्यति चासो नदिने प्रदेश सरकारले यतिबेला अपाङ्गताका माग सम्बोधन गर्न पर्याप्त बजेट छुट्ट्याउन थालेको छ । प्रदेशको सामाजिक विकास मन्त्रालयलगायत अन्य केही सरकारी कार्यालयमा पहुँचयुक्तताका माप्दण्ड अनुरूप र्‍याम्पहरूसमेत निर्माण भएका छन् । केही निर्माणको तयारीमा छन् । परिवर्तनको यो अवस्था त्यति सजिलै आएको भने होइन । यसका पछाडि सुदूरपश्चिम प्रदेशका अपाङ्गता भएका व्यक्तिहरूको लामो संघर्षको कथा लुकेको छ ।



सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालय कैलाली जिल्लाको धनगढी उपमाहानगरपालिकमा रहेको महत्त्वपूर्ण मन्त्रालय हो । विक्रम संवत् २०७४ फागुन ५ गते स्थापना भएको यस मन्त्रालयमा विभिन्न शाखा तथा महाशाखा रहेका छन् । नेपाल सरकारले जारी गरेको अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त भौतिक संरचना तथा संचार सेवा निर्देशिका, २०६९ मा पहुँचयुक्त र्‍याम्प निर्माणका लागि आधारभूत मापदण्ड एवं शर्तहरू तोकिएका छन् । निर्देशिकामा सबै वर्ग र सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त संरचना बनाउनु पर्ने उल्लेख छ ।

राष्ट्रिय अपाङ्ग माहासंघ नेपालले बारम्बार वकालत र पैरवी गर्दा पनि मापदण्ड अनुरूपका र्‍याम्प बन्न सकेका थिएनन् । राष्ट्रिय अपाङ्ग माहासंघ नेपाल सुदूरपश्चिम प्रदेशले प्रदेश र स्थानीय तहसँग पहुँचयुक्त पूर्वाधारका लागि निरन्तर पैरवी गर्दै आइरहेको छ । सामाजिक विकास मन्त्रालयको भवन पुरानै किसिमको संरचना भए तापनि केही सुधार गर्दा अपाङ्गता भएका व्यक्तिहरूलाई सहजता हुने र अपाङ्गता भएका व्यक्तिहरू आफैँ पुगेर सेवा लिन सक्ने संरचना बनाउन सकिने वातावरण थियो । त्यहाँको र्‍याम्प मापदण्ड अनुरूप नहुँदा सेवा लिन जाने अपाङ्गता भएका व्यक्तिहरूको सहभागितामा कमी हुनपुगेको भनी धेरै पटक गुनासो राख्दा पनि नसुनिएको अवस्था थियो । राष्ट्रिय अपाङ्ग माहासंघ नेपाल सुदूरपश्चिम प्रदेशमा रहेका अपाङ्गता भएका व्यक्तिहरूले सामाजिक विकास मन्त्रालयमा सेवा लिन जाँदा पहुँचयुक्तताको मापदण्ड अनुसारको र्‍याम्प नहुँदा आएको समस्या, उनीहरूका गुनासाका आधारमा र माहासंघले पनि अनुगमन गर्दा मन्त्रालयमा निर्माण गरिएको र्‍याम्प मापदण्ड अनुसार नभएका कारण सेवा लिनमा समस्या देखिएपछि राष्ट्रिय अपाङ्ग माहासंघ नेपाल सुदूरपश्चिम प्रदेशमार्फत केही अपाङ्गता भएका व्यक्तिहरूसहित वकालतका लागि गई सचिव, महिला शाखा प्रमुख र इन्जिनियरसँग छलफल गरियो ।

यसैबीच, सन् २०२२ सेप्टेम्बर ८ तारिकका दिन माहासंघले सीबीएम ग्लोबलसँगको साझेदारीमा संचालित “हामीलाई पनि समावेश गर” परियोजनामार्फत सामाजिक विकास मन्त्रालयका इन्जिनियरलाई पहुँचयुक्तता परीक्षणसम्बन्धी तालिम प्रदान गर्‍यो । यसरी माहासंघले पहुँचका लागि बारम्बार समन्वय गरे पनि मन्त्रालयको कार्यालयमा र्‍याम्प भने मापदण्ड अनुरूपको निर्माण भएन ।




बारम्बार ध्यानाकर्षण गर्दा पनि आफ्ना मागको सुनुवाइ नभएपछि अन्ततः समग्र सुदूरपश्चिम प्रदेश सरकारविरुद्ध संघर्ष गर्नु पर्ने वाध्यतात्मक परिस्थिति सिर्जना भएसँगै अपाङ्गता अभियानकर्ताहरूको टोलीले अपाङ्गता अधिकारकर्मी तथा राष्ट्रिय अपाङ्ग महासंघ नेपाल सुदूरपश्चिम प्रदेशका पूर्व अध्यक्ष भीमबहादुर शाहको संयजकत्वमा अपाङ्गता अधिकार प्रवर्द्धन समिति गठन गर्‍यो । सरकारलाई सच्चिने मौका दिन समितिले विभिन्न ७ बुँदे मागसहित २०८० असार ५ गते पत्रकार सम्मेलनको आयोजना गर्‍यो । सात दिनको समय दिँदै माग सम्बोधन नगरिए सरकारबिरुद्ध संघर्ष गर्ने चेतावनीसमेत दिइयो ।



सात दिनको समय बिते पिन मागबारे कुनै सुनुवाइ नभएपछि १२० भन्दा बढी सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको सहभागितामा २०८० असार १२ गते सुदूरपश्चिम प्रदेश सरकारबिरुद्ध संघर्षका कार्यक्रमहरू थालियो । कार्यक्रममा “हामीलाई पनि समावेश गर” परियोजना अन्तर्गतका प्रदेश परियोजना कार्यदलका सदस्य तथा स्थानीय पहुँच परीक्षण समूहका सदस्यहरूको समेत सक्रियरूपमा सहभागिता रह्यो ।

कार्यक्रमको पहिलो दिन धनगढीमा रहेको मुख्यमन्त्रीको कार्यालय अगाडिबाट र्‍याली सुरु गरियो । जिल्ला प्रशासन कार्यालयहुँदै पार्कमोडको पीपल चौतारामा त्यो र्‍याली कोणसभामा परिणत भयो । त्यसपछि रिले अनसनको सुरुवात भयो । सोही दिन सांकेतिक विरोधस्वरूप पहुँचयुक्त नभएको पीपल चौताराको भौतिक संरचना भत्काई महासंघकै पहलमा त्यहाँ र्‍याम्प निर्माण गरियो । आन्दोलनको चौथो दिन अर्थात् २०८० असार १५ गतेका दिन संघर्ष टोलीले सामाजिक विकास मन्त्रालय, जिल्ला प्रशासन कार्यालय र सहरी विकास मन्त्रालयमा पहुँचयुक्तताको सिद्धान्तविपरीत निर्माण गरिएका भौतिक संरचनाहरू भत्कायो । त्यसैगरी अर्धनग्न प्रदर्शन, सुसेल्ने कार्यक्रम, सडक अवरोधलगायतका कार्यक्रम गरिए ।

आन्दोलनका क्रममा प्रदेश सरकारसँग अपाङ्गता भएका व्यक्तिहरूका लागि समावेशी शिक्षा, स्वास्थ्य, रोजगारी र बाधारहित पूर्वाधार माग गरियो । त्यसक्रममा आन्दोलनमा सहभागी अपाङ्गता भएका

व्यक्तिहरूको समूहले सामाजिक विकास मन्त्रालयमा रहेको मापदण्डविपरीतको र्‍याम्पलाई ध्वस्त पार्‍यो ।

विश्वव्यापी (युनिभर्सल) मापदण्ड र अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त भौतिक संरचना तथा संचार सेवा निर्देशिका, २०६९ अनुसार नबनाइएको हुनाले त्यो संरचना भत्काउनुपरेको थियो । सरकारविरुद्ध संघर्षको सातौँ दिन अर्थात् २०८० असार १८ गते मुख्यमन्त्री कमलबहादुर शाह सडकमै आई संघर्ष टोलीलाई सम्बोधन गर्नुभयो । त्यसै दिन सामाजिक विकास मन्त्रालयबाट वार्ताका लागि आह्वानसमेत भयो । त्यसपछि संघर्षका सबै कार्यक्रम रोकी वार्ताटोली गठन गरेर आवश्यक तयारी थालियो ।

सामाजिक विकास मन्त्रालयमा २०८० असार २१ गते दिउँसो ३ बजे वार्ताका लागि समय तोकियो । सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व हुने गरी ११ सदस्यीय वार्ताटोली गठन भयो । "टोलीमा हामीलाई पनि समावेश गर" परियोजनाको प्रदेश परियोजना कार्यदलका सदस्यमध्ये एक जनाको समेत सहभागिता रह्यो ।

निर्धारित मिति र समयमा बसेको दुईपक्षीय बैठकले पहिलो चरणमै राम्रो सफलता हात पार्‍यो । सरकारले अपाङ्गता भएका व्यक्तिहरूद्वारा पेस गरिएका सबै माग सम्बोधन गर्ने प्रतिबद्धता जनायो । साथै, यस क्षेत्रको विकासका निम्ति थप ५ करोड रुपियाँ विनियोजन गर्ने प्रतिबद्धतासमेत गर्‍यो ।

यसरी सबैगरी लगभग १६ करोड रुपियँबराबरका कार्यक्रम अपाङ्गता भएका व्यक्तिहरूका लागि ल्याउने र थप बैठकमार्फत कार्यान्वयनका प्रयास अगाडि बढाउने सहमतिमा वार्ता टुङ्गियो ।

**उपलब्धि:**

महासंघको निरन्तर पैरवी र आन्दोलनपश्चात सामाजिक विकास मन्त्रालयका सचिवबाट मापदण्ड अनुरूप र्‍याम्प बनाउने निर्णय भयो र त्यसको दुई दिनभित्र माप्दण्ड अनुरूपको र्‍याम्प निर्माण गरियो । करिब एक वर्षभन्दा बढीको निरन्तर प्रयासपछि हाल सामाजिक विकास मन्त्रालयमा मापदण्ड अनुसारको र्‍याम्प बनेको छ । अहिले अपाङ्गता भएका व्यक्तिहरू सहजै रूपमा सेवा लिन जान सक्ने भएका छन् । मापदण्ड अनुसारको र्‍याम्प नभएका कारण अनिवार्यरूपमा सहयोगी लिएर त्यहाँ पुग्नु पर्ने झन्झटबाट मुक्ति मिलेको महसुस अपाङ्गता भएका सेवाग्राहीहरूले गरेका छन् । यसरी आफ्ना सवालहरूमा मौन रहेको प्रदेश सरकारबिरुद्ध संघर्षका कार्यक्रमहरू गरेरै भए पनि सरकारलाई आफ्ना समस्याहरूप्रति सकारात्मक बनाउन अपाङ्गता भएका व्यक्तिहरूलाई सफलता मिलेको छ । संगठित भएर गरिएको संघर्षबाट आज निकै राम्रो प्रतिफल प्राप्त भएको छ ।

आन्दोलनका क्रममा भत्काइएका भौतिक संरचनाहरूमा मापदण्ड अनुरूप र्‍याम्प बनेका छन् । यसबाट अन्य सरकारी कार्यालयहरूले समेत पाठ सिकेको विश्वास हामीलाई भएको छ । र, आगामी दिनहरूमा बन्ने संरचनाहरू अपाङ्गतामैत्री बन्नेमा हामी विश्वस्त छौँ ।

अपाङ्गता भएका व्यक्तिहरूका समस्याहरूप्रति सरकारको ध्यानाकर्षण हुनुसमेत संघर्षको अर्को प्राप्ति हो। त्यसैको परिणामस्वरूप आर्थिक वर्ष २०८०/८१ का लागि करिब १६ करोड रुपियाँबराबरका कार्यक्रम अपाङ्गता भएका व्यक्तिहरूलाई लक्ष्य गरी ल्याइयो, जुन हाम्रा लागि निकै राम्रो कुरा हो। यी कार्यक्रमबाट सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका क्षेत्रमा देखिएका समस्या समाधानमा ठूलो राहत पुग्नेछ।

अपाङ्गता भएका व्यक्तिहरूलाई हेयको दृष्टिकोणले हेर्ने हाम्रो समाजमा यो आन्दोलनले पक्कै पनि सकारात्मक प्रभाव पारेको छ भन्नेमा पनि हामी विश्वस्त छौँ। संघर्षबाट प्राप्त यी प्रतिफल अन्य वर्षहरूमा समेत दोहोरिई रहने कुरामा सबै अपाङ्गता भएका व्यक्तिहरू पूर्ण आशावादी छन्। यस वर्ष बजेट विनियोजनमा केही ढिलाइ भए तापनि गत वर्ष अनुरूपकै बजेट प्रदेश सरकारले अपाङ्गता भएका व्यक्तिहरूका लागि ल्याउने अपेक्षा गरिएको छ।

# मनमायाको कथा



चितवन जिल्ला, राप्ती नगरपालिका- ५, भण्डारा निवासी २७ वर्षकी मनमाया बिक जन्मदेखि नै न्यून दृष्टियुक्त अपाङ्गता भएकी महिला हुनुहुन्छ। सामान्य परिवारमा जन्मेकी मनमायाले दृष्टिसम्बन्धी अपाङ्गता भएकै कारणले ९ कक्षाभन्दा माथिको शिक्षा प्राप्त गर्न सक्नुभएन। पारिवारिक आर्थिक अवस्था कमजोर र अपाङ्गता भएकै कारणले गर्दा उहाँले अन्यत्र गएर पढ्न नपाउँदा माध्यमिक तहसम्मको समेत शिक्षा लिनबाट वञ्चित हुनुपरेको हो।

शिक्षाको उज्यालो ज्योतिबाट वञ्चित हुनुपरेको पीडा त्यसमाथि अपाङ्गताको जीवन अगाडि बढाउनु चानचुने र सहज थिएन। आफू अपाङ्गता भएको व्यक्ति हुँ भन्ने थाहा भएकी उहाँमा अपाङ्गताबारे भने थोरैमात्र जानकारी थियो।

अपाङ्गता भएका व्यक्तिले राज्यस्तरबाट प्राप्त गर्ने सेवा सुविधाका बारेमा जानकारी नहुनु र त्यस्ता सेवा सुविधा प्राप्त गर्न के गर्ने ? कहाँ जाने ? कसरी लिने ? कसलाई भन्ने, भेट्ने ? भन्नेसम्मको जानकारी नहुँदा घरमै बस्नुपरेको अवस्था रहेको थियो। अपाङ्गता भएकै कारण कतै बाहिर जान नपाउँदा आफूले राज्यबाट पाउने कानुनी अधिकारहरू प्राप्त गर्नबाट वञ्चित रहनुपरेको अवस्था थियो।

राष्ट्रिय अपाङ्ग महासंघ-नेपाल बागमती प्रदेशमा संचालित "हामीलाई पनि समावेश गर" परियोजनाका २ वटा लक्षित नगरपालिकामध्ये राप्ती नगरपालिका पनि कार्यक्षेत्रको रूपमा छानिएपछि परियोजना संचालनका लागि विभिन्न समूह र समिति गठन गरिए। यसै क्रममा पहुँच परीक्षण वकालत समितिमा मनमाया पनि सदस्यका रूपमा समावेश हुनुभयो।



हरेक विषयवस्तुमा चासो राख्ने र अपाङ्गताका बारेमा जानकारीहरू लिन जुनसुकै समय पनि तयार हुने मनमायालाई महासंघले राप्ती नगरपालिकामा गर्ने वकालत तथा अभिमुखीकरण र अन्य क्रियाकलापहरूमा समावेश गरायो। उहाँलाई सूचना सामग्री वितरणका लागि जिम्मेवारीसमेत दियो। महासंघले प्रदेशस्तरमा आयोजना गर्ने क्षमता विकासलगायत अन्य तालिममा समेत उहाँलाई समावेश गर्न थाल्यो।

महासंघका कार्यक्रमका माध्यममबाट अन्य संस्थाहरूसँग पनि राम्रो सम्बन्ध बनेका कारण अन्य ओपीडीहरूले गर्ने तालिममा समेत मनमायाको बाक्लो सहभागिता हुँदैगयो। विभिन्न किसिमका तालिम, क्षमता विकास, अभिमुखीकरणका माध्यमबाट मनमायाले २ वर्षको अन्तरालमा अपाङ्गतासँग सम्बन्धित नीता, नियम, कानुन, राज्यको व्यवस्था आदिका बारेमा धैरै जानकारी हासिल गर्नुभयो।

अपाङ्गताकै क्षेत्रमा धैरै चुनौतीसँगै अवसर र सम्भावना पनि देखेकी मनमाया आफ्नो क्षमता अभिवृद्धिका लागि अपाङ्गतासँग सम्बन्धित जुनसुकै कार्यक्रममा सहभागी हुनेगरेको बताउनुहुन्छ।



अपाङ्गता भएका कारणले शिक्षा प्राप्त गर्न नपाउँदैमा जीवनमा केही गर्न सकिन्न भन्ने कुरा सबैको हकमा लागु नहुने रहेछ। मनमा दृढ इच्छाशक्ति र लगनशीलता भएकी मनमायाले पनि विद्यालय शिक्षासम्म पूरा गर्न नपाए पनि जीवन उपयोगी शिक्षा लिने बाटो देखिसक्नुभएको छ।


महासंघले दिएको स्थानलाई भरपुर सदुपयोग गरी आफूलाई निखार्दै लैजाने क्रममा हाल उहाँ स्थानीय ओपीडी नगर अपाङ्ग समन्वय समिति नाममा रहेको दर्ता संस्थाको अध्यक्ष पदमा रही नेतृत्व गर्दै हुनुहुन्छ। हालैमात्र उहाँको संस्थाले बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट एक लाख रुपियाँ बजेट प्राप्त गरेको छ।

उहाँको संस्थाले राप्ति नगरपालिकाका २ ठाउँमा १०० जनाभन्दा बढी अपाङ्गता भएका व्यक्तिहरूलाई १ दिने अभिमुखीकरण कार्यक्रम संचालन गरेको छ। मनमायाकै नेतृत्वमा प्रदेश सरकारकै तीन लाख रुपियाँको बजेट रहेको सीबीआर कार्यक्रमसमेत सम्पन्न भइसकेको छ।

मनमाया बिक पालिकाको अपाङ्गता परिचयपत्र वितरण समितिमा पनि रहनुभएको छ। उहाँ हरेक बैठकमा सल्लाह सुझाव दिने गर्नुहुन्छ। वडाको महिला समूह, सहकारी समूह र अन्य समूहहरूमा समेत उहाँको सहभागिता रहेको छ। साथै, दलित समुदाय उत्थानका लागि गठन गरिएका समिर्तिति तथा संस्थाहरूमा समेत उहाँ सक्रिय हुनुहुन्छ।

दलित समुदायकी न्यून दृष्टियुक्त अपाङ्गता भएकी महिला, जसले माध्यमिक तहसम्मको शिक्षा पनि प्राप्त गरेको छैन, महासंघबाट एउटा स्थानीय तहमा संचालन गरिएको परियोजनाको समूहबाट अपाङ्गताबारे जानकारी लिन सुरु गरी आफ्नो क्षमता अभिवृद्धि गर्दै २ वर्षको अन्तरालमा ओपीडीजको नेतृत्व गरी प्रदेशबाट बजेटसमेत प्राप्त गर्न सफल भई कार्यक्रम सम्पन्न गर्नु भनेको सम्भवतः सजिलो कुरा होइन। मनमायाको यो सफलतामा स्वयं उहाँको दृढ इच्छाशक्ति र लगनशीलता त छदैछ, साथै यो स्थानसम्म आइपुग्नका लागि राष्ट्रिय अपाङ्ग महासंघ-नेपाल बागमती प्रदेशको भूमिका पनि उत्तिकै बलियो छ भन्न सकिन्छ।

# पहुँचयुक्तताको नमुना अभ्यास सहरी विकास मन्त्रालय !



सडक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको कोसी प्रदेशको भवन तथा परिसर सार्वजनिक सरकारी कार्यालयमध्ये सबै नागरिकलाई स्वतन्त्ररूपमा स्वनिर्भरता पूर्वक सेवा लिन पहुँचयुक्त छ । पहुँचयुक्तताको सर्वमान्य ढाँचा अनुसार निर्माण तथा मर्मत एवं सुधार भएकाले सबै व्यक्तिलाई सेवा प्रदान र प्राप्त गर्न प्रशंसनीय एवं स्वागतयोग्य काम भएको छ ।

सडक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको भवन तथा परिसर मन्त्रालय जाने मूलबाटोदेखि सहायक बाटो अवरोधमुक्त कालोपत्रे पक्की गरिएको छ । सबैका लागि हिड्न सहज, पहुँचयुक्त भएकाले यो बाटोमा बालबालिका, गर्भवती महिला, बिरामी, ज्येष्ठनागरिक, सहायक सामग्रीको सहायताबाट हिड्ने र अन्य अपाङ्गता भएका व्यक्तिहरूका लागि मन्त्रालयको प्रवेशद्वारसम्म पुग्न सहज छ ।

मन्त्रालयको प्रवेशद्वारदेखि मन्त्रालय भवन, सवारी साधन पार्किङ स्थल, शौचालय, खानेपानी, चमेनागृह, प्राविधिक शाखासम्म पुग्न ट्र्याक्टायल, मन्त्रालय प्रवेश गर्न, शौचालय, प्राविधिक शाखासम्म पुग्न पहुँचयुक्त ढाँचाको र्‍याम्प, परिसरमा पहुँचयुक्त संकेत चिह्न, पहुँचयुक्त परिसर, मन्त्रालयका कर्मचारी र मन्त्रीको पहुँचयुक्त ढाँचामा विवरण, पहुँचयुक्त स्थानमा गुनासो वा सुझाव पेटिका, आगो निभाउने यन्त्र र सेवाग्राहीसँग मैत्रीपूर्ण व्यवहार प्रदर्शन हुने भएकाले पहुँचयुक्तताको एक नमुना अभ्यास भएको छ ।



सडक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको भवन परिसर सर्वमान्य विश्वव्यापी पहुँचयुक्तताको नमुना अभ्यास देखिनुमा राष्ट्रिय अपाङ्ग महासंघ-नेपालले सीबीएम ग्लोबलको सहकार्यमा ७ वटै प्रदेशमा सञ्चालन गरिरहेको "हामीलाई पनि समावेश गर" परियोजनाको परिणाम हो ।

महासंघको कोसी प्रदेश कार्यालयले परियोजनामार्फत मन्त्रालयका इन्जिनियरलाई पहुँचयुक्त भौतिक

संरचना डिजाइन र निर्माणका सम्बन्धमा पटक-पटक गरी ३ चरणको तालिम प्रदान गर्‍यो । मन्त्रालयको भवन तथा परिसर पहुँचयुक्तताको अवस्था पहिचानका लागि भवन परिसरको पहुँच परीक्षण र निष्कर्षसहितको प्रतिवेदन तयार गरी हस्तान्तरण गर्‍यो ।

त्यसका लागि स्थानीय पहुँच परीक्षण वकालत समूहमार्फत पैरवी वकालत, परियोजना कार्यदलबाट अनुगमन, मन्त्रालयका सचिव र मन्त्रीसँग छलफल बैठक, मिडियाकर्मी परिचालन, अनुरोधपत्र हस्तान्तरण, निरन्तर फलोअप, सार्वजनिक बहस र प्राविधिक सहयोग प्रदान गर्‍यो । यसैको परिणामस्वरूप सडक पूर्वाधार तथा सहरी विकास मन्त्रालय कोसी प्रदेशकै पहुँचयुक्तताको नमुना अभ्यास भएको सरकारी कार्यालय भएको छ ।



यस मन्त्रालयको परिसर, पार्किङ स्थल, र्‍याम्प, शौचालय, खानेपानीका संरचना, हातमुख धुने बेसिन, दृष्टि र सुनाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूका लागि मापदण्डमा आधारित पहुँचयुक्त टेकटायल र संकेत चिह्न अवलोकन गर्दा पहुँचयक्तताको अभ्यास भएको स्पष्ट हुन्छ ।

महासंघको पैरवी वकालत हुनुभन्दा पहिले कोसी प्रदेशको सडक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको भवन परिसरसम्म जानका लागि मूलबाटोदेखि जोडिएको सहायक बाटो खाल्डाखुल्डी भएको ग्राबेल थियो । त्यस बाटोमा अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने विशेष प्रकारका तीनपाङ्ग्रे स्कुटरका साथै सहायक सामग्री प्रयोग गर्ने व्यक्तिहरूले आवत-जावत गर्न सक्ने अवस्था थिएन । वर्षाको मौसममा बाटो पूर्णरूपमा हिलो हुन्थ्यो । पानी जमेर मन्त्रालय पुग्ने सहायक बाटो आवत-जावत गर्न बन्द हुने गरेको थियो । मन्त्रालयको प्रवेशद्वार, परिसर, शौचालय, भवन प्रवेश गर्ने स्थान, खानेपानी, चमेनागृह, प्राविधिक शाखा, परिसरमा रहेका विभिन्न संकेत चिन्ह, सवारी साधन पार्किङ स्थल, हातमुख धुने बेसिन कुनै पनि संरचना अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न सकिने अवस्था तथा आकारका थिएनन् ।

महासंघले कोसी प्रदेश कार्यालयमार्फत सबैका लागि सर्वमान्य पहुँचयुक्त ढाँचामा सार्वजनिक सरकारी कार्यालयहरूको भवन तथा परिसर निर्माण र सुधारका लागि काम गर्‍यो । त्यस अन्तर्गत प्रत्यक्षरूपमा कोसी प्रदेशका मोरङ, झापा, सुनसरी र उदयपुर जिल्लाका २२ वटा कार्यालयको पहुँचयुक्ततासम्बन्धी तालिम प्राप्त प्राविधिक/इन्जिनियरसहित १० प्रकारका अपाङ्गता भएका व्यक्तिको सहभागितामा पहुँच परीक्षण गरी प्रतिवेदन तयार गर्‍यो । सुझावसमेत उल्लेख गरिएका प्रतिवेदन सम्बन्धितकार्यालयहरूमा हस्तान्तरण गरिए । कोसी प्रदेशमा पहुँच परीक्षण गरी प्रतिवेदन हस्तान्तरण गरिएका कार्यालयमध्ये सडक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले पहुँचयुक्तताको नमुना अभ्यास व्यावहारिकरूपमा गरेको छ ।

# जनवकालत र पैरवीबाट सार्वजनिक संरचनामा आएको सुधार

**"हामीलाई पनि समावेश गर"** परियोजना अन्तर्गत गरिएको जनवकालत तथा पैरवी अभियानका कारण लक्ष्मीनिया गाउँपालिकाले आफ्नो कार्यालयमा र्‍याम्प, सूचना पाटी र उजुरी पेटिकालाई पहुँयुक्त संरचनाको विश्वव्यापी सिद्धान्त अनुरूप परिमार्जन गरेको छ । मधेश प्रदेश अन्तर्गत धनुषा जिल्लामा पर्ने लक्ष्मीनिया गाउँपालिकामा राष्ट्रिय जनगणना- २०७८ अनुसार महिला २०५ र पुरूष ४८८ गरी अपाङ्गता भएका व्यक्तिहरूको संख्या ६९३ रहेको छ ।



"हामीलाई पनि समावेश गर" परियोजना कार्यान्वयनको प्रारम्भिक चरणमा राष्ट्रिय अपाङ्ग महासंघ नेपाल मधेश प्रदेशको कार्यसमितको छलफल र सहमतिवाट लक्ष्मीनिया गाउँपालिकालाई परियोजना कार्यक्षेत्रको रूपमा छनोट गरियो । यसरी कार्यक्षेत्र निर्धारणपछि पालिकाको वस्तुस्थिति एवं परिवेश बुझ्न र समन्वयका लागि पालिका आउने-जाने क्रम चलिरह्यो । त्यस समयमा गाउँपालिकाको कार्यालय परिसरमा र्‍याम्प, सूचना पाटी र उजुरी पेटिकासमेत राखिएको थिएन । अपाङ्गताका भएका व्यक्तिहरूका संस्थाहरू (OPDs) नभएको र अन्य कुनै पनि संघसंस्थाबाट अपाङ्गताका सवालमा सशक्तीकरणसम्बन्धी क्रियाकलापहरू सञ्चालन नभएका कारण यस गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीमा पहुँचयुक्तताका वारेमा कम जानकारी हुनुका साथै कार्यालयमा पहुँचयुक्त संरचना हुनुपर्छ भन्ने आवश्यकताको महसुससमेत गरिएको थिएन ।



परियोजनाले विद्यमान अवस्थाका भौतिक संरचनामा सुधार तथा पुनर्निर्माण गराउने उद्देश्यको पूर्वतयारीसहित इन्जिनियर, आईटी अफिसर, स्थानीय पहुँचयुक्तता जनवकालत समूह, प्रदेश परियोजना कार्यालयका प्रतिनिधिहरूलाई सहभागी गराएर तीन दिने "पहुँचयुक्त संरचनाका लागि विश्वव्यापी मान्यतासम्बन्धी प्राविधिक तालिम" सञ्चालन गर्‍यो । त्यसपछि इन्जिनियरहरूको नेतृत्वमा तीनवटा समूह गठन गरी एक समूहबाट लक्ष्मीनिया गाउँपालिकाको स्वीकृतिमा सोही पालिकाका भौतिक संरचनाको पहुँचयुक्तता परीक्षण गरियो ।



पहुँचयुक्तता परीक्षण कार्य सम्पन्न भएपछि परीक्षणका क्रममा देखिएका अवस्था र सुधार गर्नु पर्ने पक्षको अध्ययन प्रतिवेदन तयारी र प्रकाशनपछि त्यस प्रतिवेदनसहितको ज्ञापन-पत्र लक्ष्मीनिया गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई बुझाएर जनवकालत प्रारम्भ गरियो।

जनवकालत तथा पैरवीको कार्यलाई स्थानीय पहुँचयुक्तता जनवकालत समूहले आफ्नो प्रमुख दायित्वको रूपमा स्वीकार गरेर हरेक महिना दुई पटकका दरले फलोअप पैरवीको कार्यलाई निरन्तरता दिइरहे। त्यसैगरी अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहुँचका अवरोधहरूका सम्बन्धमा गरिएका विभिन्न छलफल, अभिमुखीकरणका साथै व्यक्तिगत संवाद एवं छलफलहरूमार्फत पहुँचयुक्त संरचनाप्रतिको बुझाइ, आवश्यकता तथा यसको महत्वका बारेमा सचेतना अभिवृद्धि गराउने गतिविधिहरू उच्च प्राथमिकताका साथ सञ्चालन गरिए।

विद्यमान परिस्थिति र धारणामा परिवर्तनका लागि गरिएका अथक प्रयासले पालिकाका प्रमुख व्यक्तित्वहरूमा पहुँचयुक्तताको सवाललाई स्वीकार गर्ने परिस्थित सिर्जना गरायो। पहुँचयुक्ततासम्बन्धी हाम्रा माग र पैरवीसमेतलाई महत्व दिएर गाउँपालिकाले र्‍याम्प, उजुरी पेटिका, पहुँचयुक्त शौचालय, पार्किङ्ग स्थल र सूचना पाटीलाई पहुँचयुक्तताको मापदण्ड अनुसार पुनर्निर्माण तथा व्यवस्थापनका लागि प्रतिबद्धता जनायो। पालिका प्रमुखले भवनको पहुँचयुक्तता संरचना पुनःनिर्माणका लागि पालिकाका इन्जिनियरलाई आदेशसहित जिम्मा दिनुभयो। आदेशपछि इन्जिनियरसँग गरिएको पैरवी तथा छलफलमा भवनको अर्को तला थप्ने योजना रहेको र त्यस समयमा पहुँचयुक्तताका आधारमा पुनर्निर्माण गर्ने आश्वासन प्राप्त भयो। भवनको तला थप्ने प्रक्रिया पूरा गर्न पालिकालाई समय लाग्यो। त्यसकारण कार्यालय भवनमा पहुँचयुक्त संरचना पुनर्निर्माण गर्ने आश्वसन पनि त्यही प्रक्रियासँगै अड्किएर रह्यो। यद्यपि, स्थानीय पहुँचयुक्तता जनवकालत समूहमार्फत गरिने पैरवीको कार्य भने रोकिएन, जनवकालत तथा पैरवीका गतिविधि चलिरहे।

यसरी दुई वर्षसम्मका पटक-पटकका जनवकालत तथा पैरवीका गतिविधिपछि गाउँपालिकाद्वारा सर्वप्रथम उजुरी पेटिका र सूचना पाटीलाई पहुँचयुक्तरूपमा व्यवस्थापन गरियो। त्यसपछि पहँचयुक्त र्‍याम्प निर्माणको काम सुरु भयो। निर्माणाधीन अवस्थामा रहेको र्‍याम्पको अवलोकण गर्दा मापदण्ड अनुरूपको नहुने देखिएपछि पालिका अध्यक्ष र इन्जिनियरको ध्यानाकर्षण गराउँदै निर्माणाधीन र्‍याम्पलाई मापदण्ड अनुरूपको बनाउन डिजाइनमा थप सुधार गर्ने सहमति जुटाइयो। यसरी विभिन्न प्रकारले गरिएका जनवकालत तथा पैरवी, प्राविधिक सल्लाह, सुझाव एवं समन्वय र सहकार्यको निरन्तर प्रयासपछि संरचनामा सुधार ल्याउन सकियो। यद्यपि पालिकाले गरेको पार्किङग स्थल र पहुँयुक्त शौचालय बनाउने प्रतिबद्धता भने पूरा भएको छैन। यसका लागि अझै पनि जनवकालत तथा पैरवीलाई निरन्तरता दिनु पर्ने आवश्यकता छ।

cbm

Australian Aid

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल
NFD-N